# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/ ९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक ३०४ काठमाडौं आइतबार, २० फागुन २०८० Prabhab National Daily Sunday, March 3, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## मन्त्रिपरिषद् पुनर्गठनमा देउवाको सहमति !



■ प्रभाव संवाददाता

**काठमाडौं-** एक वर्ष कार्यकाल पूरा भएकै बेला प्रधानमन्त्री पुष्पकमल दाहाल मन्त्रिपरिषद् पुनर्गठन गर्न चाहन्थे । त्यसबेला दाहालले सत्ता गठबन्धनको मुख्य दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको साथ पाएनन् । उनको मन्त्रिपरिषद् पुनर्गठनको चाहना अधुरै रह्यो ।

तर, कांग्रेस सभापति देउवाले महतलाई हटाउन यसअघि तयार थिएनन् । अब भने महतमात्रै होइन, हाल विवादमा तानिएका मन्त्रीहरूलाई हटाएर मन्त्रिपरिषद् पुनर्गठन गर्न दाहालले कांग्रेसबाट सहमति प्राप्त गरेका छन् । कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आफ्नो पार्टी मन्त्रिपरिषद् पुनर्गठनमा सहमत रहेको बताए । 'प्रधानमन्त्रीलाई मन्त्रिपरिषद्

- विवादमा तानिएका मन्त्रीहरु हटाउने तयारी
- अर्थमन्त्री डा. प्रकाशशरण महत पनि हटाउने सूचीमा
- उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई हटाउन कांग्रेसको दबाब

> प्रधानमन्त्रीलाई मन्त्रिपरिषद् पुनर्गठन गर्ने सन्दर्भमा सहयोग गर्ने कुरा भएको छ । कहिले पुनर्गठन गर्नुहुन्छ, त्यो उहाँकै कुरा रह्यो । तर, प्रधानमन्त्रीलाई सहयोग गर्ने भन्ने सैद्धान्तिक, व्यावहारिक र नीतिगत सहमति छ ।
>
> **मीन विश्वकर्मा**
> **प्रमुख, नेका प्रचार विभाग**

माओवादीका एक पदाधिकारीले बताएअनुसार प्रधानमन्त्री दाहाल कांग्रेसबाट अर्थमन्त्री भएका डा. प्रकाशशरण महतलाई हटाउन चाहन्थे । उनी पछिल्लो सात महिनाको कार्यसम्पादन मूल्याङ्कनमा अत्यन्तै कमजोर पनि देखिए । पुँजीगत खर्च गर्नै सकेका छैनन् । सरकारले तय गरेका 'माइलस्टोन आयोजना'हरूको प्रगति नाजुक छ । त्यही भएर प्रधानमन्त्री दाहाल अर्थमन्त्री महतलाई हटाउने पक्षमा छन् ।

पुनर्गठन गर्ने सन्दर्भमा सहयोग गर्ने कुरा भएको छ । कहिले पुनर्गठन गर्नुहुन्छ, त्यो उहाँकै कुरा रह्यो,' उनले प्रभावसँग भने, 'तर, प्रधानमन्त्रीलाई सहयोग गर्ने भन्ने सैद्धान्तिक, व्यावहारिक र नीतिगत सहमति छ ।'

दाहाल नेतृत्वको मन्त्रिपरिषद्मा माओवादी केन्द्रबाटै उपप्रधान तथा गृहमन्त्री रहेका नारायणकाजी श्रेष्ठलाई हटाउनुपर्ने पक्षमा कांग्रेस सभापति देउवा छन् ।

(क्रमशः पृष्ठ २ मा)

# राष्ट्रिय सभामा आजदेखि फेरिँदै दलीय हैसियत

- राष्ट्रिय सभा अध्यक्ष, दुई मन्त्रीसँगै २० सांसद आज बिदा हुँदै
- ५९ सदस्यीय राष्ट्रिय सभामा माओवादीको १८, कांग्रेसको १६, एमालेको १०, एकीकृत समाजवादीको आठ, जसपाको तीन, लोसपाको एक, जनमोर्चाको एक र मनोनीत बामदेव गौतम
- एमाले सांसद डा. विमला राई पौडेलको स्थानमा राष्ट्रपतिबाट मनोनीत गर्न बाँकी



■ जेबी योञ्जन

**काठमाडौं-** संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभामा आजदेखि दलीय हैसियत फेरिँदै छ । आज राष्ट्रपतिबाट मनोनीत एक जनासहित २० जना सदस्यको पदावधि सकिएसँगै सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्र पहिलो दल बनेको छ । माओवादी १८ सदस्यसहित राष्ट्रिय सभामा पहिलो दल बनेको हो ।

प्रतिनिधिसभामा भने ३२ सिटसहित माओवादी तेस्रो हैसियतमा छ । तर, ११ माघमा भएको निर्वाचनको परिणामले माओवादीलाई आजदेखि राष्ट्रिय सभामा भने पहिलो दल बनाएको हो । अब राष्ट्रिय सभामा माओवादीका नयाँ सांसदहरू श्रीकृष्ण अधिकारी, मनरूपा शर्मा, झक्कुप्रसाद सुवेदी, विष्णुबहादुर विश्वकर्मा र रेणु चन्द थपिँदै छन् ।

पुराना सांसदहरू सुरेश आले मगर, राधेश्याम पासवान, मायाप्रसाद शर्मा, भुवनबहादुर सुनार, नारायणकाजी श्रेष्ठ (गृहमन्त्री), नरबहादुर विष्ट, तारामान स्वाँर, जगतबहादुर पार्की, जगप्रसाद शर्मा, गंगाकुमारी बेलबासे, गोपीबहादुर अछामी, उर्मिला अर्याल (राष्ट्रिय सभा उपाध्यक्ष) र नारायणप्रसाद दाहाल (मनोनीत) छन् ।

राष्ट्रिय सभा ५९ सदस्यीय हो । यसमध्ये सर्वाधिक १८ जना सांसद माओवादीको छ । यो भनेको प्रतिनिधिसभाको पहिलो दल नेपाली कांग्रेसको भन्दा दुई सिट बढी हो । कांग्रेस १६ सांसदसहित राष्ट्रिय सभामा माओवादीभन्दा पछि छ । कांग्रेसका कृष्णप्रसाद सिटौला, आनन्दप्रसाद ढुंगाना, विष्णुकुमारी पुडासैनी, जितजंग बस्नेत, पदमबहादुर परियार, किरणबाबु श्रेष्ठ, विष्णुकुमारी सापकोटा, कृष्णबहादुर रोकाया, बलदेव बोहरा र नारायणदत्त भट्ट नयाँ सांसद हुन् । उनीहरूको भोलि राष्ट्रिय सभा प्रवेश हुने छ ।

हाल संसद्मा कांग्रेसका युवराज शर्मा, नारायणदत्त मिश्र, दुर्गा गुरुङ, गोपालबहादुर बस्नेत, कृष्णप्रसाद पौडेल र कमला पन्त छन् । यसरी संसद्मा नयाँ र पुराना गरी कांग्रेसका १६ जना सांसद छन् । यसअघि कांग्रेस राष्ट्रिय सभामा तेस्रो दलको हैसियतमा थियो ।

(क्रमशः पृष्ठ २ मा)

## २० सांसद, जो बिदा हुँदै छन्



**गणेशप्रसाद तिमिल्सिना**
अध्यक्ष, राष्ट्रिय सभा

पदावधि सकिएपछि आज राष्ट्रिय सभाका २० जना सांसद बिदा हुँदै छन् । बिदा हुनेमा सर्वाधिक प्रमुख विपक्षी दल नेकपा एमालेका नौ जना सांसद छन् ।

राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित सांसदहरू दीपा गुरुङ, इन्दिरा कडरिया, दिलकुमारी रावल पार्वती, कुमार दसौंदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ (प्रमुख सचेतक), रामचन्द्र राई र डा. विमला राई पौडेल (मनोनीत) बिदा हुँदै छन् ।

नेपाली कांग्रेसबाट दलको नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटासँगै जितेन्द्रनारायण देव र प्रकाश पन्थ बिदा हुँदै छन् ।

माओवादी केन्द्रबाट बिना पोखरेल, हरिराम चौधरी र महेशकुमार महरा तथा नेकपा एकीकृत समाजवादीबाट भौतिक पूर्वाधार राज्यमन्त्री नन्दा चपाई र सिंहबहादुर विश्वकर्मा बिदा हुँदै छन् । संसद् सचिवालयका अनुसार जनता समाजवादी पार्टी (जसपा)बाट शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिलाकुमारी र स्वतन्त्र सांसद डा. खिमलाल देवकोटा पनि पदावधि सकिएपछि आजै बिदा हुने भएका छन् ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## युएईमा 'जब फेयर' सम्पन्न

# 'मेला ऐतिहासिक र उत्साहजनक बन्यो'



■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले संयुक्त अरब इमिरेट्स (युएई)मा आयोजना गरेको वैदेशिक रोजगारसम्बन्धी मेला 'द रिक्रुटमेन्ट जब फेयर-२०२४' सम्पन्न भएको छ । दुबईस्थित होटल मरिनामा शनिबार आयोजना गरिएको जब फेयरमा युएईका रोजगारदाताहरूलाई नेपाली श्रमिकहरूको क्षमता, दक्षता र श्रमसम्बन्धी जानकारी दिँदै मेला सम्पन्न गरेको भएको हो । सत्र वर्षपछि आयोजना गरिएको मेलाले दुबईका रोजगारदाताहरूमाझ सकारात्मक सन्देश प्रवाह गर्न सफल भएको आयोजकको भनाइ छ ।

नेपालबाट कामदार आपूर्ति गर्दै आएका म्यानपावर कम्पनी र दुबईका रोजगारदाताबीच सीधा सम्बन्ध स्थापित गरी बिचौलिया अन्त्य गर्ने उद्देश्यका साथ उक्त मेला आयोजना गरिएको हो । मेलामा ६४ वटा म्यानपावर कम्पनीका स्टल राखिएको थियो । साथै, मेलामा सहभागी हुन १०० भन्दा बढी वैदेशिक रोजगार व्यवसायी दुबई पुगेका थिए ।

युएई सरकारका प्रतिनिधि, ठूला रोजगारदाता कम्पनी, सबै स्टेटका चेम्बरहरू, इण्डियन इन्भेस्टमेन्ट ग्रुप, बिजनेस कम्युनिटी, एचआर एसोसियसनलगायतका विभिन्न व्यावसायिक फोरमका प्रतिनिधिहरूले जब फेयर अवलोकन गरेको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । 'नेपालका व्यवसायीहरूले १७ वर्षपछि युएईमा जब फेयर गरेर एउटा सन्देश दिन सफल भएका छौं,' उनले युएईबाट टेलिफोन कुराकानीमा प्रभावसँग भने, 'समयको चाप र छोटो तयारीका बावजुद पनि सफलतापूर्वक मेला सम्पन्न गरेका छौं ।' भुर्तेलका अनुसार यसअघि सन् २००७ जुनको पहिलो हप्ता नेपालले युएईमा जब फेयर आयोजना गरेको थियो ।

जब फेयरलाई वैदेशिक रोजगारीको क्षेत्रमा ऐतिहासिक उपलब्धिको रूपमा लिइएको उनको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)

## नेपाली श्रमिकको भर्ना प्रक्रिया स्वच्छ बनाऔं : श्रममन्त्री



**काठमाडौं (प्रस)-** श्रम, रोजगार तथा समाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले कामदारको भर्ना प्रक्रिया स्वच्छ बनाउन युएईस्थित रोजगारदाताहरूसँग आग्रह गरेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युएईमा आयोजना गरेको 'द रिक्रुटमेन्ट जब फेयर-२०२४' उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले श्रमिकको सुविधा बढाउनुपर्नेमा पनि जोड दिए ।

युएईले हासिल गरेको विश्वव्यापी उपलब्धिमा नेपाली श्रमिकको पनि कहीँ न कहीँ योगदान रहेका स्मरण गर्दै उनले कामदारको स्वच्छ भर्ना प्रक्रिया र सुविधा वृद्धिका लागि आग्रह गरे । अहिलेको डिजिटाइजेसनको युगमा विभिन्न प्रविधिको विकास र प्रयोगले एकैसाथ अवसर र चुनौती ल्याएको भन्दै उनले अन्तराष्ट्रिय श्रम बजारको मागअनुसारनेपाली (क्रमशः पृष्ठ २ मा)




# महासंघको संस्थापक टुंगो लगाउन विज्ञ समिति




**काठमाडौं (प्रस)-** नेपाल पत्रकार महासंघले संस्थापकबारे उठेको विवाद टुंग्याउन विज्ञ समिति बनाएर अध्ययन गर्ने भएको छ। शनिबारको केन्द्रीय समिति बैठकले महासंघको संस्थापकका सवालमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) ले उठाएको मागबारे अध्यक्षकै नेतृत्वमा विज्ञहरू सम्मिलित समितिले प्रमाणित तथ्य र इतिहास अध्ययन गर्ने निर्णय गरिएको केन्द्रीय सदस्य शान्तराम बिडारीले जानकारी दिए।

फोनिजले सत्यनारायणबहादुर श्रेष्ठलाई महासंघको संस्थापक अध्यक्ष कायम गर्न माग गर्दै दबाबमूलक कार्यक्रम गर्दै आएको छ। आन्दोलनको कार्यक्रम घोषणा गरेको फोनिजले महासंघको केन्द्रीय तथा जिल्ला कार्यालयहरूमा तालाबन्दी गर्नेसम्मको कार्यक्रम सार्वजनिक गरेको थियो। फोनिजका अध्यक्ष गजुरधन राईले आफूहरूको मागबारे अध्ययन गर्ने महासंघको निर्णय ऐतिहासिक भएको भन्दै स्वागत गरेका छन्।

महासंघको शनिबारको बैठकले जिल्ला, प्रदेश र केन्द्रको अविलम्ब सदस्यताको अन्तिम टुंगो लगाउने निर्णय गरेको छ। समयसीमाभित्रै महाधिवेशन गर्ने निर्णयसमेत गरेको छ।

जिल्ला, प्रदेश र केन्द्रको महाधिवेशन कार्यतालिकाको मिति अर्को हप्ता उपलब्ध केन्द्रीय समिति बैठक बसेर तोक्ने निर्णय गरेकोसमेत महासंघले जानकारी दिएको छ।

## पृष्ठ १ बाट क्रमशः

### मन्त्रिपरिषद्...

स्रोतका अनुसार कांग्रेस नेता बालकृष्ण खाणलाई शरणार्थी काण्ड र कांग्रेसकै सांसद विनोद चौधरीका भाइ अरुणलाई बाँसबारी छालाजुत्ता कारखानाको जग्गा प्रकरणमा पक्राउ गराएपछि श्रेष्ठप्रति देउवा रुष्ट छन्। त्यही भएर श्रेष्ठलाई हटाउन पनि प्रधानमन्त्री दाहालमाथि देउवाको दबाब रहेको एक जना माओवादी नेताले बताए।

संसद्का विपक्षी दलहरू नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायत दलले बारम्बार विवादित मन्त्रीहरूलाई हटाउन दबाब दिइरहेका छन्। तर, प्रधानमन्त्री दाहालले नहटाएको र नहटाउनुको कारणबारे संसद् बैठकमा विपक्षी दलहरूले जवाफ माग्दै अवरोध गरे। यसपछि सभामुख देवराज घिमिरेले आज (आइतबार) बस्ने प्रतिनिधिसभा बैठकमा जवाफ दिन प्रधानमन्त्री दाहाललाई रुलिङ गरिसकेका छन्। यद्यपि, प्रधानमन्त्री दाहालले भोलि सोमबारको संसद् बैठकमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने तय भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जानकारी दिएको छ।

विपक्षी दलहरूले भौतिक पूर्वाधारमन्त्री प्रकाश ज्वाला, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती र स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतको राजीनामा मागेका छन्। नेकपा एकीकृत समाजवादीबाट मन्त्री बनेका ज्वाला दुई युवकको ज्यान गएको बालकुमारी घटनामा उच्चस्तरीय जाँचबुझ आयोगले दोषी ठहर गरेको मन्त्री हुन्। संस्कृतिमन्त्री किराती लुम्बिनीको रामग्राम क्षेत्रको जग्गा ९९ वर्षका लागि एउटा निजी कम्पनीलाई लिजमा दिने निर्णय गर्ने मन्त्री हुन्। यस्तै, स्वास्थ्यमन्त्री बस्नेत अर्बौं भ्रष्टाचार भएको टेरामक्स प्रणाली खरिद प्रकरणमा अख्तियारले जवाफ लिएको मन्त्री हुन्। उनीहरूको राजीनामा माग गर्दै विपक्षी दलहरूले दबाब दिनु र अर्कातिर अर्थमन्त्री महतको कार्यसम्पादन पनि चित्तबुझ्दो नभएपछि प्रधानमन्त्री दाहाल मन्त्रिपरिषद् पुनर्गठनको पक्षमा छन्।

उनले कांग्रेस र नेकपा एकीकृत समाजवादीलाई मन्त्रालयगत कार्यसम्पादन कुशलतापूर्वक ढंगले गर्न सक्ने सांसदलाई मन्त्रीका रूपमा सिफारिस गर्न पनि आग्रह गरेको स्रोतले जनायो। तर, मन्त्रिपरिषद् पुनर्गठन भने राष्ट्रिय सभा निर्वाचनपछि हुने स्रोतको भनाइ छ। दाहाल नेतृत्वको सरकारमा उनको दल माओवादीसहित कांग्रेस, जसपा, एकीकृत समाजवादी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी छन्।

■■■

### राष्ट्रिय सभामा...

गठबन्धन गरेर पछिल्ला दुई राष्ट्रिय सभा चुनाव लडेपछि भने कांग्रेसको सांसद संख्या यसअघि पहिलो रहेको एमालेको भन्दा बढी भयो।

प्रतिनिधिसभाको दोस्रो ठूलो दल नेकपा एमाले भने राष्ट्रिय सभामा खुम्चिएको खुम्चिएकै छ। पछिल्ला दुई राष्ट्रिय सभा निर्वाचन राप्रपासँग मात्रै गठबन्धन गरेर लड्दा एमाले एक/एक सिटमा मात्रै सीमित भए। जसकारण एमाले १० सिटसहित तेस्रो दलको रूपमा राष्ट्रिय सभामा हुने छ। अब राष्ट्रिय सभामा एमालेका रुक्मिणी कोइराला (नयाँ), सोनाम ग्याल्जेन शेर्पा, सुमित्रा बि.सी., शारदादेवी भट्ट, भगवती न्यौपाने, विमला घिमिरे, देवेन्द्र दाहाल, तुलसाकुमारी दाहाल, गोपाल भट्टराई र इन्दिरादेवी गौतम हुने छन्।

कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चालगायत दलहरू गठबन्धनमा रहँदा एमालेले चुनावी नतिजा आफ्नो पक्षमा पार्न सकेन। परिणामतः एमाले क्रमशः राष्ट्रिय सभामा कमजोर बन्दै गएको हो। बरू, एमालेबाटै फुटेर बनेको दल नेकपा एकीकृत समाजवादी राष्ट्रिय सभामा थप बलियो भएको छ। एमालेको भन्दा यस दलसँग दुई सांसद कम छ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरिका अनुसार यस दलसँग घनश्याम रिजाल (नयाँ), सावित्री मल्ल (नयाँ), राजेन्द्रलक्ष्मी गैरे, मदनकुमारी शाह (गरिमा), डा. बेदुराम भुसाल (कृषिमन्त्री), जयन्तीदेवी राई, गोमादेवी तिमिल्सिना र उदयबहादुर बोहरा सांसद छन्। राष्ट्रिय सभाको गत दुवै निर्वाचनमा यस दल पनि कांग्रेस, माओवादी, जसपालगायत दलहरूसँग गठबन्धन गरेर चुनाव लडेको थियो।

संसद्को छैटौं दल जनता समाजवादी पार्टी (जसपा) राष्ट्रिय सभामा पाँचौं स्थानमा छ। यस दलसँग नयाँ र पुराना गरी तीन जना सांसद छन्। नयाँ पूजा चौधरी र पुराना मृगेन्द्रकुमार सिंह यादव, मोहम्मद खालिद छन्। यही दलबाट फुटेर बनेको दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)सँग एक जना सांसद छ। उनी शेखरकुमार सिंह हुन्। चित्रबहादुर केसी नेतृत्वको राष्ट्रिय जनमोर्चाका तुलप्रसाद विश्वकर्मा राष्ट्रिय सभा सदस्य छन्। गत ११ माघमा चुनाव हुनुभन्दा अघि सत्ता गठबन्धन दलहरूबीच भएको भनिएको भद्र सहमतिअनुसार भने यस दलको एक जना सांसद थपिन सक्छ। जुन राष्ट्रपतिबाट मनोनीत हो। चलेको चर्चाअनुसार जनमोर्चाको मातृपार्टी मसालका महामन्त्री मोहनविक्रम सिंहकी पत्नी दुर्गा पौडेल राष्ट्रपतिबाट मनोनीत हुनेछिन्। उनी यसअघि प्रतिनिधिसभा सदस्य थिइन्। उनै पौडेल यदि राष्ट्रपतिबाट मनोनीत भएको अवस्थामा जनमोर्चाको दुई जना सांसद राष्ट्रिय सभामा हुने छ।

राष्ट्रिय सभामा बामदेव गौतम पनि छन्। उनी राष्ट्रपतिबाट मनोनीत हुन्। पूर्वएमाले नेता उनी नेकपा एकता राष्ट्रिय अभियानका संयोजक हुन्। एमाले र माओवादी मिलेर बनेको तत्कालीन नेकपाको सिफारिसमा उनी राष्ट्रपतिबाट मनोनीत भएका थिए। तर, नेकपा विघटनपछि भने उनी एमाले र माओवादी दुवैतिर खुलेका छैनन्। यसले गर्दा राष्ट्रिय सभामा स्वतन्त्र सांसदजस्तै छन्।

■■■

### युएईमा जब फेयर...

'हाम्रो पुस्ताकै लागि पनि यो इभेन्ट ऐतिहासिक रहयो,' महासचिव भुर्तेलले भने, 'व्यवसायी तथा रोजगारदाताहरूको उत्साहपूर्ण सहभागिताले आगामी दिनमा फेयरलाई अझै उचाइमा लैजान सकिन्छ भन्ने एउटा पाठ पनि सिकायो।'

श्रम बजारमा गरिने यस्ता जब फेयरले रोजगारदाता र श्रमिक आपूर्तिकर्ताबीच पुलको काम गर्ने संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए। 'जब फेयरले बिचौलिया प्रयोग नगरी रोजगारदाताले व्यवसायीमार्फत श्रमिक माग गर्न सक्ने अवस्था बनेको छ,' उनले प्रभावसँग टेलिफोनमा भने, 'हामीले अत्यन्तै उत्साहजनक तवरले मेला सम्पन्न गर्‍यौं, व्यवसायीहरूबाट पनि एक/एक वर्षको अन्तरालमा मेला आयोजना गर्नु उचित हुने सुझाव पाएका छौं, सबैको साथ सहयोगले ऊर्जा मिलेको छ।' मेला सञ्चालनबाट तत्कालै परिणाम नआए पनि यसले दीर्घकालीन रूपमा महत्त्व राख्ने अध्यक्ष भण्डारीले बताए।

मेला सञ्चालनकै लागि संघले विभिन्न समिति तथा उपसमितिहरू बनाएर कार्यविभाजन गरेको थियो। मेलाको व्यवस्थापन तथा सञ्चालनमा संयोजकको जिम्मेवारी पाएका संघका प्रथम उपाध्यक्ष एवं अन्तर्राष्ट्रिय संयोजक डिकबहादुर खत्री र सदस्य नारायण भुषाल एक हप्ताअघि नै युएई पुगेका थिए। वैदेशिक रोजगार बोर्ड र युएईस्थित नेपाली दूतावासको सहकार्यमा मेला सम्पन्न गरिएको संघले जनाएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी, श्रमसचिव केवलप्रसाद भण्डारी र बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती मेला सफल बनाउन दुबई पुगेका थिए। साथै, युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीलगायत सरकारी अधिकारीहरूको उपस्थिति रहेको थियो।

■■■

### नेपाली श्रमिकको...

श्रमिकको सीप, दक्षता, क्षमता अभिवृद्धि गर्न सबैसँग हातोमालो गर्न तयार रहेको बताए।

'यस्ता मेला र अन्तरक्रिया कार्यक्रमले द्विपक्षीय सम्बन्ध बलियो बनाउनुका साथै नीति निर्माणमा पनि सहयोग पुग्छ भन्ने विश्वास छ,' मन्त्री भण्डारीले भने, 'श्रमिकहरूलाई भाषा, संस्कृति, श्रमबजार, प्रविधि र वातावरण बुझाउन पनि जरुरी छ, यसले दुवैपक्षलाई फाइदा पुर्‍याउँछ।'

मन्त्री भण्डारीले घरेलु कामदारको रूपमा महिला पुरुष दुवै वैदेशिक रोजगारीमा जाने गरे पनि महिला कामदार बढी प्रभावित हुने गरेको पाइएको बताए। 'घरेलु महिला कामदार पठाउने सम्बन्धमा बढी नै जिम्मेवार र होसियारी अपनाउनुपर्ने अवस्था छ,' उनले भने, 'हाम्रो सरोकारको विषय भनेकै महिलाहरूले काम गर्न पाउने वातावरण र सुरक्षाको सुनिश्चितता हो।'

सरकारले पछिल्लो समय वैदेशिक रोजगारको क्षेत्रमा केही नीतिगत निर्णयहरू गर्न लागेको जनाउँदै मन्त्री भण्डारीले अधिकतम सेवासुविधा, सामाजिक सुरक्षा र काम गर्ने स्वच्छ वातावरणको ग्यारेन्टी भए अन्तर्राष्ट्रिय श्रमबजारमा सबैखाले नेपाली श्रमिक उपलब्ध गराउन प्रतिबद्ध रहेको बताए। मन्त्री भण्डारीले वैदेशिक रोजगारीलाई पुनःपरिभाषित गर्नुपर्ने अवस्था आएको भन्दै यसलाई मर्यादित, सम्मानित र पारदर्शी बनाउन व्यवसायी, रोजगारदाता र सरोकारवाला सबैले ध्यान दिनुपर्नेमा जोड दिए।


नेपाल सरकार

**स्वास्थ्य बिमा बोर्ड**

**बबरमहल, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०८०।११।२०**

यस बोर्डवाट प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागि रित पूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावकारी तपशिल बमोजिमका बोलपत्र बोर्डको निर्णयानुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिकएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | कवोल अंक | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना। |
|---|---|---|---|---|
| १ | HIB-01/080/081 | कार्यालय सामान तथा मसलन्द सामाग्री | मु.अ.कर. सहित रु. ९,१४,४६०।४०/- | श्री प्रशमन्त जनरल सप्लायर्स, काठमाण्डौ। |

**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित २०८०/११/२० गते)

विष्णु लाल सिटौलाको नातिनी, अगम सिटौलाको छोरी, पुन्य प्रसाद पाठकको श्रीमती झापा जिल्ला माहाभारा गा.वि.स. वंडा नं ०२ स्थायी ठेगाना भई हाल झापा जिल्ला कनकाई न.पा. वंडा नं ०२ बस्ने श्रीमती पवित्रा देवी पाठकको मिति २०८०/०७/२६ मा मुत्यु भएकोले निजको नाममा यस बैंकको सुरुङ्गा शाखामा रहेको बचत खाता नं. २९६०१५९५३४००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाउँ भनि निज खातावालाको छोरी विष्णु माया राउतले यस बैंकको शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदकको बाहेक अन्य कसैको हकदावी भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणीत हुने सक्कलै कागजसहित यस बैंकको शाखा कार्यालय सुरुङ्गामा हकदावी गर्न आउनुहोला। म्याद भित्र कसैको हकदावी नपरेमा वा रित नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचना मार्फत जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड KUMARI BANK LIMITED सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय सुरुङ्गा, झाप फोन नं. ०२३-५९०७५६/५४**

**सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति २०८०/११/२०**

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २१२६ मिति २०७९/११/३० को वन पैदावार सङ्कलन सहमति वमोजिम उत्पादित काठ र दाउराहरूमध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं.२४२२ मिति २०८०/११/१७ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन, सिसौ, धौटी लगायत अन्य जातका गोलिया थान ३०१९ को १९९३२.५९ काठ, साल जातको दाउरा १५.५० चट्टा र अन्य जातको दाउरा २७.५० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक वन पैदावारको लिलाम विक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका सःमिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको दिउँसो ४:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री लालीगुराँस सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-२, हरीहरपुर, बाँके**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन २० गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | प्रेममा मनमुटावका साथै मन कमजोर रहला। |
| **वृष** | प्रेमसम्बन्ध र प्रणयप्रसंगका लागि श्रेष्ठ समय रहेको छ। |
| **मिथुन** | धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। |
| **कर्कट** | स्वास्थ्य क्षेत्रमा सजगता अपनाउनु होला। |
| **सिंह** | दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला। |
| **कन्या** | आज समस्या दर्साउँदा सुखदुःखमा साथ दिनेहरू भेटिनेछन्। |
| **तुला** | रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। |
| **वृश्चिक** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ। |
| **धनु** | रस्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ। |
| **मकर** | नजिकको व्यक्तिबाट सहयोग पाइनेछ। |
| **कुम्भ** | नयाँ कार्यको योजना बन्ने र शुभ कार्यको चर्चा हुनेछ। |
| **मीन** | प्राविधिक र स्वास्थ्य विषयमा बढी सफलता मिल्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन २० गते, २०८०, ३ मार्च, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.६२ | |
| युरो | १ को | १४४.४२ | १४५.०७ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.५८ | |
| स्विस फ्रैन्क | १ को | १५४.१० | १५४.८० |
| अस्ट्रेलियन डलर | १ को | ८७.५५ | |
| क्यानाडियन डलर | १ को | ९८.२९ | ९८.७३ |
| सिंगापुर डलर | १ को | ९८.९२ | |
| जापानी येन | १० को | ९.०४ | ९.०८ |
| चिनियाँ युआन | १ को | १८.४४ | |
| साउदी अरब रियाल | १ को | ३५.३६ | ३५.५२ |
| कतारी रियाल | १ को | ३६.३६ | |
| थाई भाट | १ को | ३.७५ | ३.७७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.११ | |
| मलेसियन रिङेट | १ को | २८.२७ | २८.३९ |
| दक्षिण कोरियन वन | १०० को | ९.९२ | |
| स्विडिस क्रोनर | १ को | १२.७४ | १२.८० |
| डेनिस क्रोनर | १ को | १९.३६ | |
| हङकङ डलर | १ को | १६.९५ | १७.०३ |
| कुवेती दिनार | १ को | ४३०.९५ | |
| बहराइन दिनार | १ को | ३५१.८१ | ३५३.४० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदायचनाउ मा उपलब्ध हुनेछ।

## कैदीबन्दीलाई गृहमन्त्रीको आग्रह

# जीवनपर्यन्त ध्यानको अभ्यास गरौं



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले विपश्यना ध्यानले जीवन रूपान्तरण गर्न सघाउ पुऱ्याउने भएकाले जीवनपर्यन्त ध्यानको अभ्यास गर्न कैदीबन्दीलाई सुझाव दिएका छन् । ललितपुरको नक्खु कारागारमा नेपाल विपश्यना केन्द्रद्वारा सञ्चालित १० दिने ध्यान शिविरको शनिबार समापनका अवसरमा उनले हरेक दिन विपश्यना ध्यानको अभ्यासमा लाग्न कैदीबन्दीलाई अनुरोध गरे ।

'ध्यानले तपाईंहरूलाई कारागार छाडेपछि असल जीवनयापन गर्न सहयोग पुऱ्याउँछ, हिजो के भयो त्यो बिर्सनुस्, अब समाजमा फर्कंदा यहाँहरू अरूभन्दा असल हुनुहुन्छ,' ध्यानले कैदीबन्दीको जीवनमा रूपान्तरण ल्याउने उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भने, 'असल नागरिक बन्ने प्रक्रियामा ध्यान अभ्यासले धेरै नै सहयोग पुऱ्याउने छ, तपाईंहरू त्यसतर्फ अघि बढ्नुहोला ।'

ध्यानमार्फत आफूलाई हेर्ने, चिन्ने र फेर्ने प्रक्रियाको विधिद्वारा सुसज्जित गर्न सकियो भने सिंगो समाजलाई नै परिवर्तन गर्न सकिने उनको भनाइ छ । 'यहाँहरूले जीवन परिवर्तनको गहना प्राप्त गर्नुभएको छ, त्यसलाई सदैव अनुकरण गरिरहनुहोला,' उनले भने । सरकार कैदीबन्दीको कारागार जीवन सहज बनाउन, श्रमको सदुपयोग हुने स्थिति बनाउन तथा मानसिक र शारीरिक स्वास्थ्य राम्रो बनाउन क्रियाशील रहेको उल्लेख गर्दै उनले कैदीबन्दीलाई रूपान्तरण गर्ने, जीवन फेर्ने अभियान चलाउन खोजिएको बताए ।

'जेलभित्र पनि ध्यान शिविर चलाउने त्यसकै कदम हो, सबै बन्दीलाई ध्यान विधिद्वारा जीवन रूपान्तरण गराउन लागिएको छ,' उनले भने ।

ध्यान कार्यक्रममा सुरूआतको अनुभव समापनसम्ममा सुखद्मा परिणत हुने सुनाउँदै उनले एकपटकको ध्यानले मात्र जीवन रूपान्तरण नहुने बताए । 'शिविरले विधि सिकाएको छ, अब आफैंले अभ्यास गर्नुपर्छ,' उनले भने, 'गृह मन्त्रालयले मातहतका सबै निकायमा छोटो अवधिको ध्यान अभ्यासलाई अघि बढाएको छ ।'

कारागारमा पर्याप्त समय लिएर चलाइएको विपश्यना ध्यान कार्यक्रमले कैदीबन्दीको जीवनमा रूपान्तरण ल्याउने विश्वास व्यक्त गर्दै उपप्रधानमन्त्री श्रेष्ठले अब दैनिक यसको अभ्यास गर्न सुझाव दिए । 'ध्यान आफ्नो जीवन रूपान्तरणका लागि नै गरिने हो, ध्यानले स्वअनुसाशित हुन सिकाउँछ,' उनले भने, 'बन्दीको जीवनमा रूपान्तरण आउँदा समाज र देशलाई फाइदा हुन्छ, पहिलो फाइदा भने बन्दीलाई नै हुन्छ ।'

वर्तमान सरकार मुलुकलाई राजनीतिक परिवर्तन अधिकार प्राप्तिका क्षेत्रमा मात्रै सीमित हुन नदिई समाज रूपान्तरणमा अघि बढाउन खोजिरहेको बताए । 'राजनीतिक परिवर्तनलाई माध्यम र साधन बनाएर सिंगो समाजको रूपान्तरण गर्नुपर्छ भनेर सरकार क्रियाशील छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'शिक्षा, स्वास्थ्य, रोजगारीलगायत आधारभूत आवश्यकता पूरा गरेर जनताले नयाँ जीवन पाउनुपर्छ, सरकारको ध्यान यसतर्फ छ ।'

उपप्रधानमन्त्री श्रेष्ठले यही फागुन ८ गते नक्खु कारागारमा ध्यानकेन्द्रको उद्घाटन गरेका थिए । विपश्यना ध्यान केन्द्रको लगानीमा उक्त ध्यानकेन्द्र निर्माण गरिएको कारागार कार्यालयकी प्रमुख कल्पना घिमिरेले जानकारी दिइन् । १० दिनसम्म चलेको सो ध्यान शिविरमा तीन सुरक्षाकर्मीसहित ४८ कैदीबन्दीले सहभागिता जनाएका थिए ।

नेपाल विपश्यना केन्द्रले देशभरि १९ ध्यानकेन्द्र निर्माण गरेको छ । नक्खु कारागार ध्यान केन्द्र तीन महिनाको तयारीपछि सञ्चालनमा आएको हो । केन्द्रले १६ देशका कारागारमा शिविर सञ्चालन गरिसकेको विपश्यना ध्यान केन्द्रका क्षेत्रीय आचार्य डा. रूप ज्योतिले जानकारी दिए ।

# टोंगा अधिराज्यसँग कूटनीतिक सम्बन्ध स्थापना

**काठमाडौं (प्रस)-** नेपालले टोंगा अधिराज्यसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको छ । योसँगै नेपालको बाह्य सम्बन्ध १८२ देशमा विस्तार भएको छ ।

कूटनीतिक सम्बन्ध स्थापना गर्नेसम्बन्धी दस्तावेजमा संयुक्त राष्ट्रसंघका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा र सोही विश्व संस्थाका निम्ति टोंगाका स्थायी प्रतिनिधि भिलिमी भ्याइंगा टोनेले हस्ताक्षर गरेका हुन् । नेपाल र टोंगाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको जानकारी राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसलाई प्रदान गरिने पत्रमा पनि उनीहरूले हस्ताक्षर गरेका छन् ।

न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोगमा शनिबार बिहान आयोजित एक कार्यक्रममा दुवै देशका स्थायी प्रतिनिधिले उक्त दस्तावेजमा हस्ताक्षर गरेको उक्त नियोगले जनाएको छ ।

त्यस अवसरमा दुवै देशका राजदूतले पारस्परिक सहयोग, द्विपक्षीय सम्बन्ध विस्तारका साथै क्षेत्रीय एवं अन्तर्राष्ट्रिय मञ्चहरूमा सहयोग एवं साझेदारी प्रवर्द्धन गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । टोंगाले १४ सेप्टेम्बर १९९९ मा संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेको हो ।

# सरकार र केन्द्रीय दुग्ध सहकारी संघबीच पाँच बुँदे सहमति

**काठमाडौं (प्रस)-** सरकार र केन्द्रीय दुग्ध सहकारी संघबीच शनिबार भएको वार्तामा पाँच बुँदे सहमति भएको छ । कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसालको उपस्थितिमा शनिबार साँझ भएको वार्तामा दूध बिक्री गरेबापत किसानले पाउने रकमको भुक्तानी हरेक उद्योगीले आगामी चैत २१ सम्म गरिसक्नेलगायतका पाँच बुँदे सहमति भएको केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अमरबहादुर कुँवरले जानकारी दिए ।

उनका अनुसार उद्योगले सहकारीबाट खरिद गरेको दूधको परिमाणलाई नघटाई 'मिल्क होलिडे' नहुने गरी दूध खरिद गर्ने, उद्योगीको दूध तथा दुग्धजन्य पदार्थ निर्यातका लागि कृषि तथा पशुपक्षी मन्त्रालयले समन्वय गर्ने, निर्यात प्रवर्द्धनका लागि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समावेश गर्ने, पशुपालक किसानलाई सरकारले दिँदै आएको बिमा कार्यक्रमलाई निरन्तरता दिने र केन्द्रीय दुग्ध सहकारी संघले राखेका माग सम्बोधनका लागि पहल गर्ने सहमति भएको हो ।

वार्तामा कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेल र केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष अमरबहादुर कुँवरलगायतको सहभागिता रहेको थियो ।

दूधको भुक्तानी रोकिएको भन्दै संघले यही फागुन ८ गतेदेखि चरणबद्ध आन्दोलन गरिरहेको थियो । अध्यक्ष कुँवरले सहमतिसँगै आन्दोलनका सबै कार्यक्रम स्थगित गरेको जानकारी दिए ।

# 'अनुसन्धानमा प्रभाव पार्ने सामग्री सम्प्रेषण नगर्नू'

**काठमाडौं-** जिल्ला प्रहरी कार्यालय चितवनले केही दिनअघि रत्ननगर नगरपालिका वडा नं १० मा रहेको एकता शिशु निकेतन बोर्डिङ स्कुलमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीया छात्राको मृत्यु घटनाका सम्बन्धमा अनुसन्धान जारी रहेको जनाएको छ । कार्यालयले अनुसन्धानमा प्रभाव पार्ने कुनै पनि विषयवस्तु सम्प्रेषण नगर्न आग्रह गरेको छ ।

कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीले शनिबार एक विज्ञप्ति जारी गर्दै अनुसन्धानका वैज्ञानिक परीक्षण प्रतिवेदनहरू हालसम्म प्राप्त नभएको अवस्थामा अनुसन्धानमा प्रभाव पर्ने गरी कुनै पनि विषयवस्तु सम्प्रेषण नगरीदिन आग्रह गरेका हुन् । विज्ञप्तिमा घटनाबारे गम्भीररूपमा अनुसन्धान भइरहेको पनि उल्लेख छ ।

'विद्यालयको होस्टलका अन्य साथीसहित बस्ने कोठाको सिलिङ पंखामा डोरीको पासो लगाई झुण्डी छात्राको मृत्यु भएको घटनाबारे जानकारी प्राप्त हुनासाथ तत्काल वरिष्ठ प्रहरी अधिकृतको कमाण्डमा घटनास्थल विशेषज्ञसहितको अनुसन्धान टोली घटनास्थलमा खटी घटनास्थल र मृतक शवको सूक्ष्म अवलोकन गरी प्रारम्भिक चरणका अनुसन्धानका काम सम्पन्न गरी हाल सो घटनाको गम्भीररूपमा थप अनुसन्धान भइरहेको छ,' विज्ञप्तिमा भनिएको छ ।

बालबालिकाको मृत्युजस्तो संवेदनशील विषयलाई अत्यन्त गम्भीर्यताका साथ लिई प्रचलित कानुनले निर्दिष्ट गरेबमोजिम नेपाल प्रहरीले आफ्नो पेसागत मूल्य, मान्यता, दक्षता र विवेक प्रयोग गरी अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ । 'घटनाबारे वैज्ञानिक प्रयोग तथा प्राविधिक विश्लेषणसमेतका आधारमा तथ्यपरक वस्तुनिष्ठ अनुसन्धान गरिने पीडित परिवार र सम्पूर्णमा विश्वास दिलाउँछौं,' प्रहरीले भनेको छ ।

प्रहरीले घटनाको तथ्यपरक वस्तुनिष्ठ अनुसन्धान जारी रहेको अवस्थामा यसै घटनालाई लिई विभिन्न सामाजिक सञ्जाल तथा सञ्चारमाध्यममा सम्प्रेषित विषयवस्तुप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएकोसमेत उल्लेख गरेको छ । *रासस*


## युएइमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : REGENT PALACE HOTEL LLC**

पूर्व स्वीकृति मिति २०८०/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/११/१९ | LT. No. 291496 | चलानी नं.६०२०५७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 10 | 0 | 1500 | ५३९७७ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cashier | 0 | 30 | 1400 | ५०३७९ | | | | | | | |
| 3 | Receptionist | 0 | 10 | 1500 | ५३९७७ | | | | | | | |
| 4 | waiter | 20 | 0 | 1200 | ४३१४२ | | | | | | | |
| 5 | Waitress | 0 | 30 | 1200 | ४३१४२ | | | | | | | |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० फागुन २७ गते (10th March 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,
indigo.recp@gmail.com, Website : www.ioplneoal.com


## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोक्लावाङ, तेह्रथुम**
**कोश प्रदेश, नेपाल**

### स्वास्थ्य संस्थाहरूका लागि अत्यावश्यक औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना !

**(दोस्रो पटक प्रकाशित मिति २०८०/११/२०)**

प्रस्तुत विषयमा यस गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरूलाई आ.व. ०८०/८१ का लागि आवश्यक पर्ने अत्यावश्यक औषधि तथा सर्जिकल सामान खरिद गर्नुपर्ने भएको हुँदा ईच्छुक औषधि आपूर्ति गर्न इजाजत प्राप्त भ्याटमा दर्ता भएका उत्पादक कम्पनी वा फर्मले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र रु. ३०००।- (फिर्ता नहुने गरी) तिरी बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले तपसिलको शर्त/अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. बोलपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०८०/८१ को नवीकरण गरेको कर चुक्ता प्रमाणपत्र वा सोसँग मान्य हुने अन्य कुनै लिखित कागजात, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, औषधि व्यवसाय प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नु पर्नेछ ।

२. उक्त प्रक्रियामा सहभागी हुन आउँदा नवीकरणको म्याद समाप्त नभएको औषधि आपूर्ति गर्न इजाजत पत्र, मु.अ.कर मा दर्ता भएको र आ.व. ०८०/८१ को कर चुक्ता प्रमाणपत्र वा सो सँग सम्बन्धित कागजात संलग्न गरेको हुनुपर्नेछ ।

३. खरिद प्रक्रिया बोलपत्र माध्यमबाट मात्र गरिने भएकोले बोलपत्रदाताले सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरिसक्नुपर्नेछ । विक्री भैसकेका बोलपत्र फारामहरू १६औं दिनको मध्याह ठीक १२:०० बजे रितपूर्वक लाहाछाप गरी विद्युतीय माध्यमबाट दर्ता गर्नुपर्नेछ । साथै दरभाउपत्र खरिद दस्तुर बापत आन्तरिक राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्का नं.र बोलपत्रको नाम खुलेको राजश्व दाखिला भौचर पेश गर्नुपर्नछ । रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरू सोही दिनको ठीक १:०० बजे प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । उक्त बोलपत्र खोल्ने कार्यक्रममा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा खोल्न बाधा पर्नेछैन तर बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी सम्पूर्ण कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

४. बोलपत्र मार्फत कागजात खरिद गर्नका लागि नबिल बैंक लिमिटेड, फेदाप शाखामा रहेको यस गाउँपालिकाको राजस्व खाता नं.२३२०१०१७५०००३९ मा रकम जम्मा गर्नुपर्नेछ ।

५. बोलपत्र साथ नविल बैंक लिमिटेड फेदाप शाखामा यस गाउँपालिकाको धरौटी खाता नं. २३२०१/३१७५०००२५ मा फर्मको नामबाट तपसिलमा उल्लेखित जमानत बापतको रकम जम्मा गरेको भौचर वा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैंकहरू मध्येबाट यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत (विडवण्ड) पेश गर्नुपर्नेछ । सम्झौता सम्पन्न भएपछि मात्र बोलपत्र जमानत बापतको रकम फिर्ता गरिनेछ ।

६. बोलपत्रमा कबोल गरिएको दररेट अंक र अक्षरमा दुवैमा प्रष्ट रूपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको स्थानमा दस्तखत गरेको हुनुपर्नेछ ।

७. बैंक जमानत, परफरमेन्स ग्यारेन्टी, अग्रिम पेश्की लगायतका कागजातहरू सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तोकिएको Standard ढाँचामा हुनुपर्नेछ । तोकिएको ढाँचामा अनुसार नभएमा मूल्याङ्कनमा समावेश गरिने छैन ।

८. सप्लाई हुने औषधि प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, म्याद, समाप्ती मिति व्याच नम्बर तथा नेपाल सरकारको लागि निःशुल्क वितरण गरिने भन्ने वाक्यांश अनिवार्य रूपमा राख्नुपर्नेछ र सम्भव भएसम्म हरेक पत्ता (Strips), बोत्तल भाइल, ट्यूव आदिमा उक्त वाक्यांश राख्नुपर्नेछ ।

९. खरिद हुने औषधिहरूको म्याद सम्बन्धमा औषधि स्टोरमा दाखिला हुने मितिमा कम्तीमा १८ महिनाको Expiry Date बाँकी हुनुपर्नेछ तर कुनै औषधिको Expiry Date जम्मा १८ महिनाभन्दा कम हुने अवस्थामा जम्मा Selflife को कम्तीमा ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

१०. सम्पूर्ण औषधिहरू खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधिहरू मात्र खरिद गरिनेछ ।

११. प्राप्त हुन आएका बोलपत्र प्रतिस्पर्धाको आधारमा स्वीकार गर्ने अथवा पूर्ण रूपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहनेछ । कार्यालयले आवश्यकता अनुसार औषधिहरू पटक पटक खरिद गर्नसक्नेछ ।

१२. उपर्युक्त उल्लेखित कागजातहरू पेश नगरेको बोलत्रदाताहरूको बोलपत्र उपर कुनै कारबाही हुने छैन साथै बोलपत्रदाताले अनिवार्य रूपमा उत्पादक कम्पनीको खरिदकर्ताको नाममा उल्लेखित बोलपत्रको लागि जारी गरिएको Authority letter बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

१३. सिरिन्ज, धुलो, झोल औषधिहरू बाहेक अन्य समपूर्ण औषधिहरू strip मा आपूर्ति गर्नुपर्नेछ ।

१४. एक विक्रेताको नाममा विक्री भएको बोलपत्र फाराम अर्को विक्रेताको नाममा दाखिला गर्न पाउने छैन ।

१५. कार्यालयमा थप औषधि तथा सर्जिकल सामान आवश्यक भई खरिद गर्नुपर्ने भएमा सोही दररेट अनुसार थप खरिद गर्न पनि सकिनेछ । बोलपत्र मा पेश गरेको मूल्यमा यस आ.व.का लागि दररेट भएको हुँदा आगामी आषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।

१६. बोलपत्र पेश गर्दा मू.अ.कर लाग्ने औषधि तथा सर्जिकल सामानमा मू.अ.कर सहितको दररेट पेश गर्नुपर्नेछ ।

१७. बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा कार्य सम्पादन जमानत बापत सम्झौता अंकको थप ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट जमानत वा नगद माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ

१८. बोलत्रदाताले बोलपत्र फारामको प्रत्येक पानाहरूमा नमेटिने मसीले सही गरी फर्म वा कम्पनीको छाप समेत लगाउनुपर्नेछ ।

१९. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ संशोधन सहित, फेदाप गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८० तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

२०. बोलपत्र सम्बन्धी केही थप कुरा बुझ्नु पर्ने भएमा कार्यालयको वेवसाइट www.phedapmun.gov.np वा कार्यालय समयमा ९८५२०८०६०० मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**तपसिल**

| सि.नं. | विवरण | ठेक्का नं. | मू.अ.कर बाहेक अनुमानित मूल्य | धरौटी रकम | कै. |
|---|---|---|---|---|---|
| १. | औषधि तथा सर्जिकल सामान | PMRM 02/080/81 | ३०,६५,१९१/- | ७७,०००/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### मन्त्री फेरबदलमा अलमल नगर

तेस्रोपटक प्रधानमन्त्रीको शपथ लिँदा पुष्पकमल दाहालले भनेका थिए– यो पटक काम गर्नकै लागि प्रधानमन्त्री बनेको हुँ । संसद्मा तेस्रो हैसियतमा भए पनि नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहाल नेकपा एमालेको साथ लिएर प्रधानमन्त्री बन्न सफल बनेका थिए । तर, बीचमै एमालेसँगको सम्बन्ध तोडेर उनले कांग्रेससँग गठबन्धन कसे । अहिलेसम्म कांग्रेसकै साथमा उनले सरकारको नेतृत्व गरिरहेका छन् । संसद्मा पहिलो हैसियतमा भए पनि कांग्रेसले सरकारको नेतृत्व तेस्रो हैसियतमा रहेको दल माओवादी केन्द्रलाई सुम्पिएको छ । यस गठबन्धनमा नेकपा एकीकृत समाजवादीलगायत साना दल रहेका छन् ।

प्रधानमन्त्री दाहालले सत्ता नेतृत्व गरेको एक वर्ष पार गरिसकेको छ । यसबीचमा उनले भनेअनुसार कामको नतिजा देखिएको छैन । दाहालले आफ्नो मन्त्रिपरिषद्मा रहेका मन्त्रीहरूलाई प्रभावकारी काम गर्न पटक–पटक निर्देशन दिँदै आएका छन् । उनले मन्त्रीहरूको 'रिपोर्ट कार्ड' समेत लिने गरेका छन् । तर, दाहालको अपेक्षा र निर्देशन मन्त्रीहरूको काममा देखिएको छ । पछिल्लो रिपोर्ट कार्ड हेर्ने हो भने पनि मन्त्रीहरूको पर्फमेन्स निराशाजनक देखिन्छ ।

प्रधानमन्त्री दाहाल मन्त्रीहरूको कार्यशैलीप्रति सन्तुष्ट छँदै छैनन् । त्यसैले उनी मन्त्रीमण्डल पुनर्गठन गर्न चाहन्छन् । उनले केही महिनाअघिदेखि नै राम्रो पर्फमेन्स नगर्ने मन्त्रीहरूलाई हटाएर अर्को नयाँ मन्त्री बनाउने प्रयास गर्दै आएका हुन् । तर, गठबन्धनको सरकार भएकोले उनले मन्त्री हटाउन सकेका छैनन् । मुख्यतः मन्त्री हटाउन सम्बन्धित दलको सहमति जरुरी छ, नभए उनको सत्ता नै जोखिममा पर्ने अवस्था छ । पछिल्लोपटक विवादमा मुछिएका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालालाई हटाउन उनीमाथि चर्को दबाब परेको छ । तर, मन्त्री ज्वालाको दल एकीकृत समाजवादीले अड्को थापेका कारण उनले हटाउन सकेका छैनन् ।

कांग्रेसबाट मन्त्री बनेका स्वाथ्यमन्त्री मोहनबहादुर बस्नेत, अर्थमन्त्री डा. प्रकाशशरण महतलाई हटाउन चाहेका छन् । किनकि उनीहरूको पर्फमेन्स निकै कमजोर भइरहेको छ, जसको प्रभाव समग्र सरकारको काममा परेको देखिन्छ । यी मन्त्रीहरूकै कारण सरकारको कामको नतिजा नदेखिएको प्रधानमन्त्रीको निष्कर्ष छ । तथ्यहरूले पनि त्यस्तै बताउँछ ।

मुलुकको अर्थतन्त्र समस्याग्रस्त रहेको अवस्थामा सरकारले नागरिकमा जुन आशा जगाउने काम गर्नुपर्ने हो, त्यो हुन सकेको छैन । यसले तेस्रो कार्यकाल सरकारको नेतृत्व सम्हालिरहेका दाहाल असफल बन्दै गएको संकेत गर्दछ । यद्यपि, उनीसँग अझै काम देखाउने अवसर छ । त्यसैले काम नगर्ने मन्त्री फेरेर सरकारको कामको गति दिन जरुरी छ । विवादित र कमजोर पर्फमेन्स भएका मन्त्रीहरूलाई हटाउनुको विकल्प छैन । सत्ता साझेदार दलहरूले पनि यसमा साथ दिन जरुरी छ । यद्यपि, मन्त्री फेरबदलमै अलमल नगरियोस् ।

## मननयोग्य

### चाणक्य नीति

चाणक्यले चन्द्रगुप्तपट्टि हेर्दै भने- 'देख्नुभो राजन् । यो विषकन्या थिई । यो राक्षसको डरलाग्दो षड्यन्त्र थियो । तर, उसलाई यो थाहा थिएन चाणक्यलाई झुक्याउन यति सरल छैन। मैले आँखाको नानी हेरी थाहा पाएँ । यी विषकन्या हुन् । यो सबै भेद त्यही सोमदेवबाट थाहा भयो । ऊ वास्तवमा राक्षसको विश्वासी गुप्तचर थियो। हिजै सोमदत्त बन्दी भइसक्यो । यी सुन्दरीलाई पनि देशनिकाला गर्नोस् किन कि यी सुन्दरी अरू कसैको मृत्युको कारण नबनून् ।

"सुन्नोस् । पर्वतक राजाको मृत्यु अफसोच भयो होला वास्तवमा तिनी हाम्रा मित्र थिएनन् राक्षसको गुप्तयोजना मलाई थाहा भयो यसैले अहिले राक्षसका तीरबाट राक्षसको पराजय भयो ।"

यति भन्दै चाणक्य आफ्ना निवासतर्फ लागे । चन्द्रगुप्त सोच्न थाले बी रहस्यमय मानिसका विषयमा जसलाई चन्द्रगुप्तले त्रिकालज्ञ हुन् भन्ने सोचे ।

चन्द्रगुप्तको राज्याभिषेक भयो चाणक्य अझै शान्त थिएनन्, चन्द्रगुप्तलाई भावी योजनाबारे परिचित गराउदै थिए । आकान्ता सिकन्दर त फर्केर फेरि आएन तर उसको सेनापति सेल्युकस फेरि आफ्ना सेना बटुलेर भारततिर आउदैछु भन्ने सूचनाले चाणक्य विचलित भइरहेका थिए । यही समयमा महामात्य शंकटारको देहावसानले अशान्त पारिरहेथ्यो ।

चाणक्यका आदेशानुसार सैन्यशक्ति र गुप्तचर अझै धेरै बलियो बनाउनमा चन्द्रगुप्त व्यस्त थिए ।

उता राक्षसलाई आफ्नो प्रत्येक योजना विफल भएको देखेर आफ्नो सबभन्दा ठूलो शत्रु चाणक्य नजानिने पहेलीजस्तो लाग्थ्यो, उनले सोच्न सकेका थिएनन्। उनका प्रत्येक यन्त्रको आभास चाणक्यलाई पहिले कसरी थाहा हुन्छ ? उनी त्यो मौकाको प्रतीक्षामा थिए जब चन्द्रगुप्त र चाणक्य दुवैलाई समाप्त गर्ने षड्यन्त्र रचना गर्न सकून् । यस्तो अवसर पनि प्राप्त भयो जुन सुनेर राक्षस खुसीले पागलजस्ता भए ।

राक्षसलाई एउटा गुप्तचरबाट थाहा भयो कि अघिल्लो पक्षको शुक्लपञ्चमीमा आफ्नो नयाँ बनेको महलमा प्रवेश गर्दैछन् । गुप्तचरले आफूसँगै त्यो महल बनाउने मुख्य कालीगढलाई पनि ल्याएका थिए । राक्षसले मुख्य सिल्पी कालीगढलाई प्रलोभन र राजा नन्दप्रतिको कर्तव्यको वास्ता दिएर त्यो महलको गुप्तचर ढोकाबारे जानकारी पाएका थिए । एउटा यस्तो गुप्त ढोका बारेको जानकारी जुन एउटा सुरूङ्गका माध्यमबाट टाढा जङ्गलमा खुल्दथ्यो जुन गुफाबारे चाणक्य र चन्द्रगुप्तलाई पनि जानकारी थिएन । कालीगढले चन्द्रगुप्त र चाणक्यलाई गृहप्रवेशका समयमा भवनको सम्पूर्ण जानकारी गराए । यो सुरूङ आकस्मिक समयमा भाग्न सजिलो परोस् भन्नाका निमित्त सिल्पीले बनाएको थियो । क्रमशः

# 'हिन्दूराष्ट्र'का अभियन्तासँग प्रश्न



▶▶ पदम श्रेष्ठ

> भनिन्छ, सत्ययुगमा कपिलमुनि ऋषिले हिन्दुस्तानको गंगासागर तटमा, त्रेतायुगमा हिन्दुस्तानकै गिरिनारमा रही दत्तात्रयले, द्वापरयुगमा नेपालको दमौलीमा जन्मेका व्यास ऋषिले र कलियुगमा जगतगुरू शंकराचार्यले दक्षिण भारतमा रही वेदलाई बचाएर यहाँसम्म पुऱ्याएका हुन् । तर महान् वेदशास्त्रलाई नै हिन्दू राष्ट्रियतामा अपव्याख्या गरेर अर्थको अनर्थ गर्नु हुन्न भन्ने आजको अवाज हो ।

हिन्दू धर्म र राज संस्थालाई दुई आँखाको नानीको पहिचान बनाएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को नेतृत्व गाई गोरुको मासु अनिवार्य चलाउने किराँत समुदायका राजेन्द्र लिङ्देनको हातमा पुगेपछि राजनीतिक वृत्तमा छुट्टै बहस चलेको छ । पुराना पञ्चहरूको पार्टी भनेर चिनिने राप्रपाको नेतृत्वइतर हिन्दूको हातमा पुगेको मात्र नभई हिन्दू पहिचानका लागि जीवन नै अर्पण गरेका कमल थापा, निरंकुश जहानियाँ शासकको प्रतीक पशुपतिशमशेर जबरा, डा. प्रकाशचन्द्र लोहनी जस्ता घरानीया पञ्चहरूलाई समेत पाखा लगाएर लिङ्देन नेतृत्वमा पुग्नुलाई कम चुनौतीपूर्ण मानिएको छैन । यस्तो चुनौती राप्रपाका अध्यक्ष लिङ्देनका लागिमात्र होइन, राजा र हिन्दूराष्ट्र नेपालको नारा स्थापित गर्नका लागि लागिरहेका नेपाली कांग्रेसका नेता खुमबहादुर खड्कादेखि हिन्दूवादी कम्युनिस्ट नेता एवं विवादित व्यवसायी दुर्गा प्रसाईंहरूलाई पनि आइलागेको छ ।

किनकि आजको युग भनेको प्रश्न गर्ने युग हो । आदिकालमा गन्यमान्यले चारहात खुट्टा भएको मूर्ति वा चित्र देखाएर यो फलानो देवता हो, पूजा गर भनेपछि अनेक हाउभाउ प्रयोग गरी पुज्थे । तर आजको जमातले किन, कसरी त्यो देवता भनेर प्रश्न गर्ने गर्दछन् । प्रश्नको जवाफ अनिवार्य पनि छ । तर पुर्खाले भनिआएको हामी हिन्दू रे ! त्यसैले जनगणनामा हिन्दू लेखायौं भन्नेहरूको जमात भने कम छैन । जसरी कि रत्नपार्कको नाउँ हटेर शंखधपार्क भएको २०४६ को बहुदलीय प्रजातन्त्रदेखि नै हो ।

२०६३ सालमा आएको गणतन्त्रपछि 'आरएनसी' हटेर 'एनएसी' भइसक्यो तर मान्छेहरूले रत्नपार्क, आरएनएसी भन्न छोडेका छैनन् । हो, त्यसै प्रकारले पशुपतिनाथका प्रमुख चार भण्डारीहरूको आगम देवता बौद्धको हारती अजिमाँ हुन भने पलाञ्चोक भगवतीका पुजारी मखनका वज्राचार्य छन् । शोभा भगवतीका पुजारी कापलिक छन् भने टुँडिखेलस्थित महाँकाल भैरवको शिरमा बुद्ध मूर्ति छ तर त्यहाँका पुजारी वंशजले आफूलाई हिन्दू भनेर गौरव गर्छन् । साथै पूजा गर्न जानेहरू पनि हिन्दूहरू धेरै हुन्छन् । त्यसबाट हामी के भन्न सक्छौं भने धर्म गुरुहरूले तथ्य कुरा कहिल्यै नभन्ने र जजमानलाई सधैँ कुहिरोमा हराएको कागको रूपमा राखिराख्नुको परिणाम धर्मबारे ठूलो भ्रम व्याप्त पाइन्छ । वास्तवमा हिन्दू भनेको के हो भन्नेबारे तलका भनाइहरूबाट पनि केही तथ्य प्रस्टिन सक्छ ।

*'हिन्दू कोही धर्म नही, सिन्धु घाँटी सभ्यताको फारसी भाषी*
*मुस्लिम भाइयों ने रखा हुवा हिन्दुस्तानका अपभ्रंश नाउँ हे ।*
*वही हिन्दू शब्दको बेलायती लोगो ने इन्दो कहने लगा ।*
*वहि इण्दो इन्डिया हो गया ।'*

हिन्दी भाषाका यी शब्द रामकृष्णवेदान्त समाज बेलोरमठ भारतका स्वामी चिन्मयानन्दका हुन् । हुन पनि हिन्दूभूमि हिन्दुस्तान र भाषा हिन्दी जगजाहेरै भएको सवाल हो । हिन्दुस्तानीले आफ्नो भाषणको समापनमा भन्ने 'जय हिन्द' ले हिन्दुस्तानको पर्याय हिन्दू भनिएको तथ्य सूर्यजस्तै छर्लंग भइसक्दा पनि चार वेद, १८ पुराणमा कतै उल्लेख नभएको भारतीय राष्ट्रवाद हिन्दूलाई धर्म बनाएर आदिमकालदेखि सार्वभौम स्वतन्त्र राष्ट्र नेपालको गौरव ठान्नेहरूलाई कसरी राष्ट्रवादी भन्ने ? प्रश्न छ, जनजनको ।

जसरी नेपालीहरू विश्वको कुनै कुनामा पुग्दा सर्वप्रथम आफूलाई यो धर्मावलम्बी भन्नुअघि नेपाली भन्छौं, त्यसैगरी हिन्दुस्तानीहरू नेपाल छिरी राज्यसत्तामा पहुँच बनाएपछि हिन्दू राष्ट्रवादलाई धर्मको नाउँ दिई व्यापक बनाएका हुन् । 'वेदलाई आफ्नो मूल धार्मिक मार्गनिर्देशक सिद्धान्त मान्नेले आफूलाई हिन्दू होइन, वैदिक सनातन भन्नुपर्दछ,' पाटन कृष्ण मन्दिरका पुजारी प्रकाशधर शर्माले 'क्रान्ति एक दिशाबोध' पुस्तिकामा उल्लेख गरेका छन् । उनी भन्छन्, 'नेपाललाई वैदिक सनातन राष्ट्र भन्दा भयो तर हिन्दूराष्ट्र भन्नु भएन किनकि आदिकालदेखि प्रचलित सनातनभित्र बौद्ध, जैन, शिख, किरात, मस्टो, बोन, शाक्त सबै सबै अटाउँछन् तर हिन्दू पहिचानभित्र यी सम्प्रदाय अटाउँदैनन् ।

कतिपयले हिमालयको 'हि' र समुद्र छेउ सिन्धु सभ्यतालाई जोडेर 'हिन्दू' भनिएको तर्क गर्छन् । त्यस्तै, जो हिंसाबाट दूर रहन्छ (हिंसा+दूर) ऊ हिन्दू हो भन्छन् । किरात, शैव, बौद्ध, नाथ, नागा, जैन, सिख, शाक्त धर्मको सामूहिक आस्था केन्द्र पशुपतिनाथलाई शिरधाम मान्दछन् । तर हिमालयदेखि सिन्धु सभ्यतासम्म फैलिएको हीन र दुःख भावनाबाट मुक्त ॐकार परिवार, जसको वेद मार्गनिर्देशक सिद्धान्त हो, त्यो सत्यलाई वैदिक सनातन भनिन्छ, हिन्दू होइन भन्नेहरूको जमात बढ्दो छ ।

#### नेपालमा हिन्दू नाउँ प्रवेश

यहाँ एउटै हिन्दूबारे धेरै परिभाषा देखापरे । खासमा हिन्दूराष्ट्रलाई धर्मका रूपमा अपव्याख्या गर्ने ऋषि दीर्घतमा हुन् । आर्यन-(ब्राह्मण) इरानबाट भारत भित्रिनुअघि इ.सं. १०० ताका नारायण सम्प्रदायको विष्णु धर्मलाई ऋग्वेदको दसौं मण्डलमा भित्र्याइ सिन्धु सभ्यतामा समावेश गराए । यसअघि गरुड जातिको नारायणी धर्म, शंखग्रिव कापलिकको योनितन्त्र, नागजातिको पुत्रमन्थ, निषादको वनदेवी, भूषिक, ट्विाक, पक्ष गन्धर्व आदि धर्म थिए । जो अनार्य र वेद नमान्ने हुन् ।

वास्तवमा शिव पनि अनार्य अवैदिक किरात (शेतामगुराली) का पुर्खा देवता हुन् । ती सबैलाई संगठित गर्दै ब्रह्म, विष्णु, महेश्वर (शिव) त्रैतवादी हिन्दू धर्मको नाउँ दिई प्रचार गरियो । ठीक त्यसै बेला अनार्यले प्रयोग गर्ने ॐ मन्त्रलाई श्वेताश्वर उपनिषद् रचना गरी हिन्दूको नाउँमा ग्रहण गरिए । इ.पु. ४०० तिर बुद्ध र जैन धर्मको अनिश्वरवादले व्यापकता पाएको बेला हिन्दू राष्ट्रवादी धर्मका रूपमा संगठित हुँदै ईश्वरवादलाई बचाउन वासुदेव भक्ति प्रचार गरियो । यसैलाई भागवत् गीता भनियो । श्रमविना केही पनि प्राप्त हुँदैन भन्ने बुद्ध वचनलाई कसै गरी पनि दबाउन नसकेपछि वेदवादी जयदेवले गीता, गोविन्दावली, अष्टपदी रचना गरी बुद्धलाई पनि हिन्दूको नवौं अवतारमा कोचिदिए ।

*मत्स्य कुर्मो वराहश्चः नृसिंह वामनस्तथा,*
*रामो रामोश्यः रामोश्यः कृष्ण बुद्धकल्की तथैवचः*

साहित्यलाई नेपालमा प्रवेश गराउने कार्य इ.सं. ७५० मा कुमारिल भट्ट र इ.सं. ७८८ मा शंकराचार्यबाट भएको आख्यान पाइन्छ । राज्यसँग मिलेर शंकराचार्यले बौद्ध भिक्षुलाई जबर्जस्ती विवाह गराए भने काठमाडौं उपत्यकाका विहार, गुम्बा, चैत्य भत्काउने र ८४ हजार बौद्ध ग्रन्थ जलाएर नष्ट गरिदिएको कुरा नेपालको ऐतिहासिक रूपरेखामा उल्लेख छ । ने.सं. ५०० ताका सामाजिक सुधारको नाउमा श्रीमान्को हैसियतबाट जयस्थिति मल्लले तत्कालीन राजा राजल्लदेवीको राज्यसत्ता आफ्नो हातमा लिई भारतको कान्यकुब्जबाट कीर्तिनाथ उपाध्याय, मिथिलाबाट रघुनाथ झा र रामनाथ झा, दक्षिण भारतबाट श्रीनाथ भट्ट र महिनाथ भट्ट झिकाइ नेपालमा मनुस्मृतिका आधारमा छुवाछूत, सती प्रथा लाद्ने कार्य भए । जुन कूप्रथाले वैदिक परम्परामाथि नै नाउँ र कूसंस्कारको धब्बा लाग्न पुग्यो ।

#### वैदिक धर्मावलम्बी कसलाई भन्ने ?

जसले भगवान्को मुखबाट ब्राह्मण, पाखुराबाट क्षत्री, तिघ्राबाट वैश्य र पैतलाबाट शुद्र सिर्जना हुने विश्वास गर्दछन् । जो २५ वर्ष ब्रह्मचार्य आश्रम, २५ वर्ष गृहस्थाश्रम, २५ वर्ष सन्यासश्रम र २५ वर्ष वनप्रस्थाश्रम जीवन व्यतीत गर्नमा आफ्नो अस्तित्व देख्छन्, ती व्यक्ति वा समूहलाई वैदिक सनातन भन्ने गरिन्छ ।

भनिन्छ, सत्ययुगमा कपिलमुनि ऋषिले हिन्दुस्तानको गंगासागर तटमा, त्रेतायुगमा हिन्दुस्तानकै गिरिनारमा रही दत्तात्रयले, द्वापरयुगमा नेपालको दमौलीमा जन्मेका व्यास ऋषिले र कलियुगमा जगत्गुरु शंकराचार्यले दक्षिण भारतमा रही वेदलाई बचाएर यहाँसम्म पुऱ्याएका हुन् । तर महान् वेदशास्त्रलाई नै हिन्दू राष्ट्रियतामा अपव्याख्या गरेर अर्थको अनर्थ गर्नु हुन्न भन्ने आजको अवाज हो । फेरि काम क्रोध, लोभ, मोह र अहंकारबाट मुक्त भई पुनः जन्मनै नपर्ने निर्वाणका पक्षपाति बौद्ध धर्म, विशुद्ध प्राकृतिक धर्म किरातलगायतलाई हिन्दू राष्ट्रियताको शाखा धर्म बनाउन खोज्ने कार्य कसरी जायज मान्न सकिएला ?

# 'चरीमाई'हरूको आवाज बोल्ने कोसिस

▶▶ श्याम रिमाल




पुस्तक समीक्षा:

कथा, कविता, गीत, हाइकु र मुक्तक लेख्दै आएकी अञ्जना पौडेल पहिलोपटक 'चरीमाई' (इन्डिगो इन्क प्रालि, २०८० वैशाख) उपन्यासका साथ देखापरेकी छन् । मानवशास्त्रमा विद्यावारिधि गरिरहेकी भएकाले पनि उनी सोही विषयमा केन्द्रित भएर आख्यानात्मक चौथो कृति प्रकाशन गर्न सक्षम भएको हुनुपर्छ । लमजुङ माइत भएर पनि नुवाकोट पूर्वी भागको परिवेश राखेर लेखकले बेचबिखनमा परेका सीमान्तकृत चेलीहरूको सामूहिक स्वर अभिव्यक्त गरेको प्रस्तुत 'चरीमाई' नेपालका 'चरीमाईहरूप्रति' नै समर्पित छ ।

उपन्यासको कथा सरल छः छोरी जन्मँदा खुसी हुने नुवाकोटको कुनै गाउँको परिवारमा जन्मेकी चरीमाईलाई उनका बाबुले १४ वर्षका उमेरमै गाउँकै २५ बर्षीय केटा कमानसिंहसँग उनको इच्छाविपरीत जबर्जस्ती बिहे गराइदिन्छन् । उनको पतिले उनलाई काठमाडौंमा व्यापार गर्ने भनी लगेरपछि औषधि खुवाई भारतको बम्बैमा बेचिदिन्छ । त्यहाँ उसलाई आफ्नै गाउँभन्दा परकी आफ्नै जातकी एक महिलाले आफूले चलाएको कोठीमा जबर्जस्ती धन्दामा लगाउँछिन् । त्यहाँ ऊ जस्तै दलालमार्फत बेचिएका अरू चेली पनि हुन्छन् ।

भारतमा १६ वर्षमुनिका लागि त्यस्तो काममा लगाउन नपाइने कानुन बने पनि त्यो लागू हुँदैन । पछि कोठीबाट बाहिर जान छुट दिने, ग्राहकले कोठीबाट बाहिर लग्ने क्रममा एक दिन भागेर उनी एक नेपाली चौकीदारका मद्दतबाट काठमाडौं हुँदै गाउँ फर्किन्छिन् । तर त्यहाँ पनि उनका बाले बस्न दिँदैनन् ।

माइतबाट केही पर टहरो हालेर बसिरहेकी उनले बा र कुनै पार्टीको गाउँको अध्यक्ष भएको आफ्नो पतिविरुद्ध उजुरी दिँदा पनि प्रहरीचौकीले लिन मान्दैन । उल्टो उनलाई 'बम्बैमा केटी बेच्ने दलाल' भनेर आरोप लगाइन्छ, गाउँका नेता, वडाध्यक्ष र प्रहरीसमेतले घर छाडेर हिँड्न दबाब दिन्छन् ।

फर्केर माइती नजिकै मितिनीका घर आउँदा पनि त्यहाँका अर्ज्याल बाजेले काठमाडौं लगेर यौनशोषण गर्छन् । उनी गर्भवती हुन्छिन् । फलफूल बेच्ने तराईका रामलालले पनि उसैगरी बिहे गरेको बहाना बनाएर उनलाई वीरगञ्ज लग्छ । त्यहाँ एक महिलाले उनलाई पहिलेकै बम्बैकी कोठी सञ्चालिकालाई बेचिदिन्छिन् ।

त्यहाँ उसले अर्ज्याल बाजेका तर्फबाट 'गंगाजमुना' जन्माउँछिन्, तिनलाई पनि धन्दामै लगाउन विवश पारिन्छ । उनी फेरि गाउँ फर्की होटल व्यवसायमा लाग्छिन् । त्यहाँ उनको गाउँले जितबहादुरसँग विवाह भई एक छोरी जन्मन्छिन् । पछिल्लो लोग्नेको हत्या हुन्छ । बम्बैमा नै पुऱ्याइएकी गाउँकै शान्ति दिदी र उनले एक गैरसरकारी संस्थाको सहयोगमा दायर गरेको मुद्दाबाट नुवाकोट अदालतबाट कमानसिंहविरुद्ध जन्मकैदको फैसला हुन्छ तर तीन महिनापछि पुनरावेदन अदालतले बेकसुर रहेको आदेश दिन्छ ।

यो कथा उपन्यासकी नायिकाले अमेरिकामा विद्यावारिधि गर्न गएका र नुवाकोटमा अनुसन्धान गर्न आएका एक विद्यार्थी भूपेन्द्रलाई सुनाएकी हुन् र वक्ता तिनै हुन् । अब चरीमाई र उनकी कान्छी छोरी लता कमानसिंहजस्ता अपराधीलाई कारागार पुऱ्याउन सर्वोच्च अदालतमा मुद्दा हाल्ने तयारीमा छन् ।

उपन्यासको कथावस्तु खासै नौलो होइन, ग्रामीण भेग खासगरी बागमती प्रदेशका जिल्लामा चेलीबेटी बेचबिखनका थुप्रै घटना भएका छन् र अदालती प्रक्रियामा गएका छन् । तैपनि यदाकदा यस्ता घटना दोहोरिइरहेका छन् । उपन्यासकारले आन्तरिक पर्यटकका रूपमा घुम्दा र घटनाहरू नियाल्दा पाएको ज्ञानलाई यस कृतिका रूपमा उभ्याएकी हुन् ।

आफ्ना छोरी, दिदीबहिनी, पत्नीलाई नै दलाल, धन्दा व्यवसायीलाई बेच्ने अमानवीय प्रवृत्ति र यौनधन्दामा जबर्जस्ती लाग्नुपर्ने चेलीको विवशतालाई उठाएर लेखिकाले त्यस्तो बेचबिखन बन्द गर्न, बेचिएकाहरूको सकुशल रिहाइ गर्न र समाजमा सम्मानित जीवन बाँच्न पाउनुपर्ने तिनको अधिकारबारे आवाज उठाउन गरेको प्रयत्न प्रशंसनीय छ ।

भूमिका लेखक कृष्ण धरावासीले घरेलु हिंसा, बलात्कार, बेचबिखन जस्ता कुरामा कानुन र समाजलाई खासै चासो नभएको र यस्तै चरित्र र महिला बेचबिखनमा पिल्सिएको समाजमा कृति केन्द्रित भएको जनाउँदै यस्ता विषयबारे राज्यलाई सम्झाउने काम यसमा गरिएको स्पष्ट गरेका छन् । लेखिका-अनुसन्धाता पौडेल भन्छिन्, 'एउटा कालो पाटोलाई अलिकति च्यात्ने प्रयत्नमात्रै गरेकी हुँ । मलाई थाहा छ यो मैले एक्लै पार लाग्ने लडाइँ हुँदै होइन । तर पनि सबै चुप लाग्दा आवाजविहीनहरूका आवाज सधैँ दबिएर रहने रहेछ । मैले चरीमाईहरूको एउटा आवाज बोल्ने कोसिसमात्रै गरेकी हुँ ।'

कृतिमा कथा भन्ने शैली पुरानै छ । निकै प्रसंग दोहोरिएका छन् र एकै वाक्यमा उही उही शब्द पनि धेरै परेका छन् । कथा वक्ता भूपेन्द्रका प्रसंग अनावश्यक रूपले लम्बिएको हो कि भन्ने लाग्छ । एकै शब्दका पनि तीन-तीन वटा वर्णविन्यास (इसा, इशा, ईशा) देखिएका छन् भने अन्य त्रुटि (गोधिली, मस्जित, ब्याज, बसाइँ, दैनिकी) पनि बर्गेल्ती नै छन् । ठाउँ ठाउँमा नछुट्टिनुपर्ने दफाहरू पनि छुट्टिन पुगेका छन्, जुन प्राविधिक गल्ती हो ।

विद्यार्थीहरू वनभोज गएको स्थल नुवाकोटको झिल्टुङलाई मकवानपुरको टिस्टुङ उल्लेख गरेर लेखकले आफ्नो सामान्य ज्ञानको कमजोरी पनि प्रदर्शन गरेकी छन् । सबभन्दा आश्चर्य त २२४ पृष्ठको उपन्यासमा पात्रहरूबीच थुप्रै संवाद भए पनि अल्पविराम र उद्धरण चिह्न एकाधमात्र देखिनामा छ । उपन्यास लेखनले नौलो शैली र प्रस्तुति लिइरहेको वर्तमानावस्थामा युवा लेखकहरूले पनि मौलिक नयाँ शैलीको प्रयोग गर्दा नै यस विधामा उन्नति हुँदै जाने विश्वास गर्न सकिन्छ । *रासस*



**तातोपानीकुण्डमा नुहाउनेको भीड**

म्याग्दी जिल्लाको बेनी नगरपालिका–४ सिंगा तातोपानी कुण्डमा नुहाउनेको भीड । प्राकृतिक चिकित्सालयका रूपमा रहेको तातोपानी कुण्डमा डुब्ने र नुहाउने गरेमा विभिन्न रोग निको हुने विश्वास गरिएको छ । *तस्बिरः खेमराज गौतम/रासस*

# खुला सीमामा मानव बेचबिखन रोकथामको चुनौती

**बेदकोट (कञ्चनपुर)**- मानव बेचबिखनमा परेका २५ महिला तथा बालबालिकाको भारतबाट उद्धार गरिएको छ । माइती नेपाल कञ्चनपुरले एक वर्षको अवधिमा भारतका विभिन्न ठाउँबाट बेचबिखनमा परेका २५ जनाको उद्धार गरेको हो ।

भारतको पुनाबाट छ, मुम्बई र हिमाञ्चलबाट चार/चार, सांगली र दिल्लीबाट तीन/तीन, पञ्जाव र पिथौरागढबाट दुई/दुई तथा गुजरातबाट एक गरेर एक वर्षको अवधिमा २५ महिला तथा बालबालिकाको उद्धार गरिएको माइती नेपाल कञ्चनपुर संयोजक महेश्वरी भट्टले जानकारी दिइन् ।

उनका अनुसार विभिन्न प्रलोभनमा पारेर खुला सीमाको फाइदा उठाएर दलालले नेपाली चेलीलाई भारत लैजाने गरेका छन् । मानव बेचबिखन रोकथाम तथा नियन्त्रणमा खुला सीमा चुनौती बनिरहेको उनको भनाइ छ ।

'खुला सीमा प्रमुख चुनौतीका रूपमा छ, गरिब, बेरोजगार महिला तथा बालबालिकालाई विभिन्न प्रलोभनमा पारेर दलाल नाका कटाउने गरेका छन्,' उनले भनिन्, 'पछिल्लो समय सामाजिक सञ्जालको दुरूपयोगले पनि दलालको चंगुलमा परिरहेका घटना आइरहेका छन् ।' माइती नेपालले नाका निगरानीका साथै उद्धार तथा समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम आयोजना गरिरहेको उनले जानकारी दिइन् । एक वर्षको अवधिमा बेचबिखनको जोखिममा रहेका ११८ जनालाई सीमा क्षेत्रबाट उद्धार गरिएको छ ।

माइती नेपालले बेचबिखनमा परेका अथवा त्यसको जोखिममा रहेका महिला तथा बालबालिकाको उद्धार गरेर मनोसामाजिक परामर्श प्रदान गर्नुका साथै पारिवारिक पुनर्मिलन गराउने गरेको छ । 'आफ्नो खुट्टामा उभिनसक्ने बनाउन सीपमूलक तालिम पनि दिने गरेका छौं, झूठो प्रमाण पेस गरेर पनि कतिपयलाई नाका कटाएको पाइएको छ,' उनले भनिन्, 'मानव बेचबिखन जस्तो जघन्य अपराध रोक्न सरोकारवाला सबैले ध्यान दिनुपर्छ ।'

माइती नेपालले एक वर्षको अवधिमा १५२ जनालाई मनोसामाजिक परामर्श प्रदान गरेको छ । १२७ जनाको पारिवारिक पुनर्मिलन गराइएको छ । माइती नेपालमा एक वर्षको अवधिमा खोजतलासका लागि १७१ निवेदन दर्ता भएका थिए । सोमध्ये ४९ जना भेटिएका छन् । *रासस*

# जातीय विभेद अन्त्यका लागि वनारसी जात्रा

## पुजारी दलित, श्रद्धालु गैरदलित



**बैतडी-** पाटन नगरपालिका-३ गुजरमा रहेको प्रसिद्ध वनारसी धाममा हरेक वर्ष हुने जात्रालाई जातीय विभेद अन्त्य गर्ने जात्राका रूपमा लिइन्छ । हरेक वर्ष माघ शुक्ल दशमीका दिन लाग्ने यो जात्रामा पुजारी दलित समुदायबाट हुने परम्परा छ । साथै जात्रा भर्ने गैरदलितले दलित पुजारीका हातबाट टीका र प्रसाद ग्रहण गर्छन् ।

धार्मिक सहिष्णुताको नमूना बनेको यो मन्दिरमा दलितले पूजा गरेपछि मात्रै देउता खुसी हुन्छन् भन्ने विश्वास छ । जात्रा हेर्न आउने गैरदलितले पनि टीका, प्रसाद ग्रहण गर्ने मन्दिरका मूल पुजारी झेरे लुहारले बताए ।

यस मन्दिरमा सबै समुदायका दर्शनार्थी जाने र दलित समुदायका पुजारीबाट प्रसाद ग्रहण गर्ने प्रचलन रहिआएको वनारसी धाम विश्वनाथ सेवा समाजका धार्मिक प्रवक्ता गणेशप्रसाद पन्तले जानकारी दिए । उनले भने, 'वनारसी जात्रा जातीय विभेद अन्त्य गर्नेका रूपमा लिने गरेका छौं, यहाँ दलित र गैरदलितबीच कुनै पनि विभेद हुँदैन ।'

वनारसी धामको जात्रा जातीय विभेद अन्त्यका लागि सन्देश दिने जात्रा भएको दलित अधिकारकर्मी रमेश कोलीले बताए । दलित पुजारी हुने मन्दिरमा ब्राह्मण र अन्य जाति अनिवार्य सहभागी हुने परम्परा रहेको उनले सुनाए । उनले भने, 'गैरदलितले निर्धक्कसँग पूजा सामग्री चढाएर प्रसाद लिन्छन्, लामो समयदेखि दलितमाथि विभेद हुने गरेको थियो तर यो जात्रा विभेद अन्त्यको सन्देशका रूपमा लिन सकिन्छ ।'

वनारसी धामको दर्शन गरेमा मनोकामना पूर्ण हुने जनविश्वास छ । जात्रामा सहभागी हुन हजारौं दर्शनार्थी पुग्छन् । जात्रामा छिमेकी जिल्लाबाट पनि भक्तजन आउने चलन छ । माघमा ठूलो पूजा लागे पनि अन्य बेलामा पनि मन्दिरमा पूजा गर्ने र बलि दिनेको संख्या उल्लेख्य हुने गरेको छ । परापूर्वकालमा खोपरे नामको राक्षसलाई वनारसी देवताले मारेको किंवदन्तीअनुसार वनारसीलाई शक्तिशाली देवताको रूपमा लिने गरिएको छ ।

पछिल्लो समय वनारसीधामलाई विश्वनाथधामका रूपमा विकास गर्ने काम पनि सुरू भएको छ । वनारसीधाम विश्वनाथ ज्योतिर्लिंगका रूपमा रहेको धार्मिक प्रवक्ता पन्तको भनाइ छ । मानसखण्ड पुराणमा सरयु नदीको किनारमा विश्वनाथ ज्योतिर्लिंग अवस्थित रहेको उल्लेख भएको र पौराणिक सरयु अर्थात् सुर्नया नदीको किनारमा रहेको वनारसीधाम विश्वनाथ ज्योतिर्लिंग भएको उनले सुनाए ।

त्यसैगरी तत्कालीन राजा महेन्द्रको पालामा मन्दिरका लागि पूजा खर्च दिने गरेको र उनी यहाँ आएका बेलामा तीन दिनसम्म सोही ठाउँमा लघुरुद्राभसषेक र नवचण्डी पाठ प्रायण गरेको पनि पन्तले बताए । *रासस*

# प्रदेश मन्त्री र संघीय गृहमन्त्रीबीचको बैठक चैत पहिलो हप्ता

**कर्णाली-** कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा तीन प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री र सचिवहरूबीचको समन्वय बैठक सम्पन्न भएको छ । बैठकले प्रदेश प्रहरी समायोजनलगायतका विषयमा सातै प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री र नेपाल सरकारका गृहमन्त्रीबीच आगामी चैतको पहिलो हप्तामा बैठक बस्ने निर्णय गरेको छ ।

कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीको अध्यक्षतामा शनिबार सम्पन्न बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय र गृह, सञ्चार र कानुन मन्त्रालयका मन्त्री तथा सचिवहरूबीच अन्तरप्रदेश अनुभव अदानप्रदानसमेत गरिएको थियो ।

बैठकमा बागमती र सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्रीद्वय गंगानारायण श्रेष्ठ र शिवदत्त भट्टका साथै कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव ध्रुव घिमिरे, सुदूरपश्चिम प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव सुशील वैद्य र मधेस प्रदेश सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव वीरेन्द्रकुमार यादवको उपस्थिति रहेको कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी रोशनबहादुर शाहीले जानकारी दिए ।

**'कर्णाली लगानीको सम्भावना भएको प्रदेश'**

कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजनमन्त्री बेदराज सिंहले कर्णाली प्रदेश लगानीको सम्भाव्य क्षेत्र भएको बताएका छन् ।

कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आइसिटी फाउण्डेसन नेपालको संयुक्त आयोजनामा शुक्रबारदेखि सुर्खेतमा सञ्चालन भएको डिजिटल कर्णाली कन्क्लेभ (प्रविधि सम्मेलन)को शनिबार दोस्रो दिनको कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री सिंहले कर्णाली प्रदेश पानी, खानी र पर्यटनको प्रचुर सम्भावनाको प्रदेश भएको बताए ।

उनले यसप्रकारको महत्त्वपूर्ण कार्यक्रमको आयोजना गरेको भन्दै आन्तरिक मामिला मन्त्रालय तथा आइसिटी नेपालप्रति कृतज्ञता प्रकट गरे । 'हामीसँग प्राकृतिक, धार्मिक र सांस्कृतिक महत्त्वका सम्पदाहरू छन् । रैथानेबाली, जडीबुटी र बहुमूल्य पत्थरसहित ती सबैको आवश्यक पहिचान गरी लगानीको वातावरण सिर्जना गर्नुपर्दछ । प्रदेश सरकार यसमा लागिरहेको छ,' उनले भने ।

संघीयता आउनुपूर्व कर्णालीका धेरै ठाउँमा बाटो नभएको तर अहिले यहाँका करिब धेरै स्थानीय तहमा बाटो र बैंक पुगेको बताउँदै उनले अब कर्णालीले प्रविधि सम्मेलनको सहयोगबाट समयको बचत गरी विकास पूर्वाधार र प्रशासन सञ्चालन गर्नुपर्नेमा जोड दिए । राज्यले कर्णाली र भेरी करिडोरको शीघ्र विकास गरेको खण्डमा कर्णाली मुलुककै आकर्षक गन्तव्य बन्ने उनको भनाइ थियो ।

एउटै क्षेत्रबाट संसार देखाउन आइसिटीको ठूलो महत्त्व रहेको बताउँदै मन्त्री सिंहले भने, 'प्रविधि सम्मेलनमा कर्णालीको तल्लो तहले पनि यसमा प्रतिनिधित्व गर्ने र सिक्ने अवसर पाएको छ । अब सम्मेलनले एउटा घोषणापत्र तयार गर्नेछ । जसलाई आधार बनाएर प्रदेश सरकारले सूचना प्रविधिसम्बन्धी नीति तथा ऐन बनाउने र दोस्रो पञ्चवर्षीय योजनामा यसलाई समावेश गर्नेछ ।'

उपलब्ध स्रोतहरूको भरपुर उपयोगले जलविद्युत्, वन, कृषि, पर्यटन उद्योग निर्माण गराउन सकिएमात्र कर्णालीलाई अशिक्षा, बेरोजगार, अभाव र गरिबमुक्त प्रदेश बनाउन सकिने उनको भनाइ थियो । *रासस*

## 'रूस–युक्रेन द्वन्द्वमा फसेका नेपालीलाई फर्काउने प्रयास जारी'

**रूपन्देही (प्रस)**- परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले रुसी सेनामा भर्ती भएका नेपालीलाई स्वदेश फर्काउन सरकारले हरसम्भव प्रयत्न गरिरहेको बताएका छन् । शनिबार भैरहवामा सम्पन्न सिद्धार्थ उद्योग वाणिज्य संघको ६५औं वार्षिक साधारणसभामा मन्त्री साउदले सरकारको स्वीकृतिबेगर कुनै पनि मुलुकको सेनामा प्रवेश गर्न नपाइने नीतिको पालना गर्न सम्बद्ध सबैमा आग्रह गर्दै रुस-युक्रेन युद्धमा फसेका नेपालीलाई स्वदेश फर्काउन कूटनीतिक तहमा रुससँग निरन्तर सम्पर्क भइरहेको बताए । उनले भने, 'अन्तर्राष्ट्रिय रेडक्रस परिचालन गरेका छौं र संयुक्त राष्ट्रसंघसँग पनि मेरो लगातार कुरा भइरहेको छ ।'

उनले अहिले रुसबाट फिर्ता ल्याउनका लागि २४४ वटा उजुरी आफूकहाँ परेको बताउँदै त्यहाँ रहेकाहरूलाई फिर्ता ल्याउनका लागि आफू लगातार लागेको दोहोऱ्याए । साथै, त्यहाँ मारिएका नेपालीका आश्रित परिवारलाई क्षतिपूर्तिको रकम दिलाउने प्रयास पनि भइरहेको उनको भनाइ थियो । फरक प्रसंगमा मन्त्री साउदले विप्रेषण आयबाट मात्र देशको अर्थतन्त्रलाई सुदृढ बनाउन नसकिने बताए ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०८०/११/२०

यस कम्पनीको मिति २०८०/०२/२३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **निइस कन्चनपुर (मु.वि. नगर्ने नं. २९२३८५)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०२/३० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **निइस फाउण्डेशन** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सिलबन्दी दरभाउ पत्र प्रक्रियाबाट वन पैदावार विक्रीको सूचना**

**पहिलो पटक सुचना प्रकाशन मिति २०८०/११/२०**

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं.२१२६ मिति २०७९/११/२९ को वन पैदावार संकलन सहमति वमोजिम उत्पादित काठ र दाउराहरूमध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २४०१ मिति २०८०/११/१६ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन र अन्य जातका गोलिया थान ४०४७ को १३५२६.७६ साल जातको दाउरा १३.०० चट्टा र अन्य जातको दाउरा १४.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम विक्रीमा भाग लिनका लागि डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र खरिद गरी २२औं दिनको दिउँसो ४:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री मधु सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी-२, मदुवा, बाँके**

**Junichande Rural Municipality**
**Office of Rural Municipal Executive**
**Majkot, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation For Bids**

**Date of Publication: 2080/11/20 (March-03-2024)**

Junichande Rural Municipality, Office of Rural Municipal Executive, Majkot, Jajarkot invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Validity Period | Estimated amount With VAT and PS (NRs) | Bid Bond Amount | Non –Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | JCRM/SQ/ GOODS/03/ 2080/081 | Procurement Of Medicine (Supply and Delivery) | 45 days | RS 1999900.00 | RS 50000.00 | RS 1000 | |

**Further information to bidders:**

| | |
|---|---|
| Last date and time of bid submission | 2080/12/05 (March-18-2024) (upto 12:00 Noon) |
| Date, Time and Place of Bid opening | (2080/12/05 (March-18-2024); at 1:00 PM, At Junichande Rural Municipality Office, Majkot, Jajarkot |
| Bid Security Validity Period | 30 Days beyond validity period |
| Account No. for Bid Document Purchase | Agriculture Development Bank, Jajarkot, AC Name: Junichande Rural Municipality aantarik Rajaswa Khata 0726305131219010 Office code:801066605 Rajaswo Shirshak No:14429 |
| Account No. for Bid Security Deposit | The bidder shall furnish a bid security, from commercial bank or financial institutions valid for 30 days beyond the validity period of the bid, OR Agriculture Development Bank, Majkot Branch Account Number: 0726305131219118 |

1. Bidders shall submit their Bids e-copy only. For e-bidding visit PPMO's e-procurement web portal http://bolpatra.gov.np/egp and for other additional information please contact Junichande Rural Municipality Office, Majkot , Jajarkot contact No: 9849322990.
2. If the last date of submission and opening falls on a Government Holiday the next working day shall be considered as the last day.

प्रभाव दैनिक

## रूपशाला

### 'ईश्वर'को छायांकन २७ दिनमा सकियो

राजु गिरीको निर्देशन रहेको फिल्म 'इश्वर' को छायाँकन २७ दिनमा सकिएको छ । लक्ष्मी कुँवर थापाको प्रस्तुतिमा निर्माण भएको फिल्ममा ध्रुव थापा, अनु शाह, पृथ्वीराज प्रसाईं, कृष्टि गुरूङ, सुनिल थापा, सबिन बास्तोला, माओत्से गुरूङ, रबिन्द्र झा, बुद्धि लामा, शिशिर वाङ्देल र गीता अधिकारीको अभिनय रहेको छ । दिव्या कंगना फिल्मसको ब्यानरमा निर्माण भएको फिल्मको पटकथा एवम् संवाद भोजराज देवकोटाले तयार पारेका हुन् । हरिबहादुर थापा र शंकर गिरी निर्माता रहेको फिल्ममा अर्जुन पोखरेल, राजेन्द्र बजगाई र वीपी वाग्लेको संगीत, कविराज गहतराज, देवेन्द्र पाण्डे र सुरेश पाण्डेको कोरियोग्राफी, रामेश्वर हुँमागाईको छायांकन र देव महर्जनको द्वन्द्व छ ।



आइतबार २०, फागुन २०८० (Sunday, March 3, 2024)

# नियमित मञ्चनमा नाटक 'अन्धवेग'

■ प्रभाव संवाददाता

**काठमाडौं–** थापागाउँस्थित मण्डला नाटकघरमा नाटककार बालकृष्ण समले लेखेको नाटक 'अन्धवेग' को मञ्चन सुरू गरिएको छ । सन १९९६ मा प्रकाशित दुखान्त नाटक यौन मनोविज्ञानमा आधारित छ । यही फागुन १८ गतेदेखि सुरू भएको कलाकार प्रवीण खतिवडाले आफ्नो निर्देशनमा तयार गर्नुभएको भएको नाटक आगामी चैत १८ सम्म मञ्चन हुनेछ । 'पुरानो नाटकलाई प्राथमिकता दिनुपर्छ भनेर मैले नाटककार समको नाटक रोजेको हुँ, पारिवारिक कथामा आधारित यस नाटकमा क्षणिक आवेगले निम्त्याएको दूषपरिणामलाई देखाइएको




छ', निर्देशक खतिवडाले भने ।

सामाजिक कथावस्तु समेटिएको नाटकका मुख्य पात्र पम्फा, गरुणध्वज र जयवीर हुन् । पम्फा र गरुणध्वज पतिपत्नी हुन् । उनीहरूको जीवनमा तेस्रो पात्र जयवीरको प्रवेशपछि पारिवारिक सम्बन्धमा आइपर्ने उतारचढाव नाटकको मुख्य विषयवस्तु हो ।

यसमा अनुप न्यौपाने, प्रमिला खनाल, सुवास तिम्सिना, सङ्गीता थापा, बारात लिम्बू, शारदा अधिकारी, सुन्दर धिताल, केशवजङ्ग शाही, सन्देश कार्की, सन्तोष गिरी लगायतले अभिनय गरेका छन् । 'अन्धवेग'सँगै मण्डला नाटकघरको योजनाअनुसार अन्य छ नाटक पनि लगातार मञ्चन हुनेछ ।

# अञ्जु र प्रविणको स्वरमा 'बढ्दै छ' सार्वजनिक

**काठमाडौं (प्रस)–** गायिका अञ्जु पन्त र गायक प्रविण बेडवालको स्वरमा रहेको गीत 'बढ्दै छ'को भिडियो सार्वजनिक भएको छ । गीतमा अर्जुन पोखरेलको शब्द र संगीत तथा कुशल सिंह निलको एरेन्ज र नरेश बीबीसीको मिक्सिङ तथा मास्टरिङ छ ।

टाढा भएको प्रेमीप्रेमिकाको भावना प्रकट गरिएको गीतको भिडियोमा लायन र पवित्रा सकी 'मिस पबी' फिचर्ड छन् । भिडियोमा लायन र मिस पबीलाई रोमान्टिक भावमा देखाइएको छ । गीतको अडियो र भिडियो पक्ष बलियो छ ।

माधव शर्माको कन्सेप्ट र निर्देशन रहेको भिडियोमा सन्तोष राजबाहकको कोरियोग्राफी, नवराज उप्रेतीको छायांकन, विकास दाहालको सम्पादन, विमला तामाङको मेकअप, दीपेन गौतम 'माइकल'को प्रोडक्सन डिजाइन र लोमस पौडेल प्रोडक्सन मेनेजर छन् ।

द डिभाइन म्यूजिकबाट सार्वजनिक भिडियोका निर्माता प्रकाश घिसिङ हुन् ।



# वैवाहिक बन्धनमा बाँधिइन् अभिनेत्री नन्दिता



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री नन्दिता केसी वैवाहिक जीवनमा प्रवेश गरेकी छन् । शनिवार एक समारोहकाबिच प्रेमी अरविन्द्र कटवालसँग उनले लगनगाँठो कसेकी हुन् । नन्दिता र अरविन्द्रको विवाह समारोह काठमाडौंको एक होलटमा आयोजना गरिएको हो । विवाह समारोहमा दुवैतर्फका साथीभाइ, आफन्तलगायत निम्त्याइएको थियो ।

विवाह अगाडि बिहीबार केसीको मेहन्दी सेरोमनी आयोजना गरिएको थियो । रानीवनस्थित रेसुभिल्ला रिसोर्टमा आयोजित मेहन्दी सेरोमनीमा अभिनेत्री श्वेता खड्का, रीमा विश्वकर्मा, निर्देशक रेनेशा बान्तवा राई, गायिका रेखा शाहलगायत सेलिब्रेटी, उनका नजिकका आफन्त र रंग पत्रकारको उपस्थिति थियो । जसमा उनी निकै खुसी देखिएकी थिइन् ।

नन्दिताले केही अगाडि प्रेमी अरविन्द्र कटवालसँगको इन्गेजमेन्ट तस्बिर सार्वजनिक गर्दै विवाह जानकारी दिएकी थिइन् । मुटुरोग विशेषज्ञ समेत रहेका कटवाल अमेरिकाको नर्थ क्यारोलिनामा बस्दै आएका छन् । उनको परिवार भने काठमाडौंमा छन् । यी दुईबिच ६ महिनाअघि भेट भएको थियो । यी दुईले मागी विवाह गरेका हुन् ।

नन्दिता लामो समयदेखि अमेरिकामा बस्दै आएकी छन् । विवाहका लागि दुवै केही अगाडि काठमाडौं आएका छन् । करिब ३ दर्जन फिल्म अभिनय गरेकी नन्दिताको डेब्यु फिल्म 'इन्द्रेणी' थियो । उनको पछिल्लो फिल्म 'जङ्गबहादुरको कोट' ७ वर्षअघि प्रदर्शनमा आएको थियो ।



**टी-२० क्रिकेट सिरिज**

# नेदरल्यान्ड्सविरुद्ध नेपालको शानदार जित



■ प्रभाव संवाददाता

**काठमाडौं –** राजधानीमा जारी त्रिकोणात्मक टी-२० सिरिजअन्तर्गत शनिबार भएको खेलमा नेपालले नेदरल्यान्ड्सलाई ६ विकेटले पराजित गरेको छ ।

जितका लागि एक सय २१ रनको सामान्य लक्ष्य पछ्याएको नेपालले १५ दशमलव २ ओभरमा ४ विकेट गुमाएर लक्ष भेट्टायो । नेपालको जितमा कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ४६ रनको योगदान दिए । उनले ३४ बलमा तीन चौका र एक छक्काको मद्दतले सर्वाधिक ४६ रनको योगदान गरेका थिए । त्यसैगरी गुल्सन झाले ३८, कुशल भुर्तेलले १२ र आसिफ सेखले ८ रन जोडे ।

नेदरल्यान्ड्सका लागि भिभियन किंगमाले तीन विकेट लिए भने आर्यन दत्तले एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित टियु अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गर्ने निर्णय लिएको नेदरल्यान्ड्सले १९ दशमलव ३ ओभरमा सबै विकेट गुमाउँदै एक सय २० को योगफल बनाएको थियो । नेदरल्यान्ड्सका लागि म्याक्स ओडोउडले २४ बलमा चार चौका र एक छक्काको मद्दतले सर्वाधिक ३१ रनको योगदान दिए । यसैगरी टिम भान डेर गुग्टेनले २४ रन जोडदा रोलोफ भान डेर मार्वीले अविजित २३ तथा कप्तान स्कट एड्वार्डसले १८ रन बनाए ।

नेपालका लागि प्रतिश जिसीले तीन विकेट लिए भने करण केसी र कुशल मल्लले समान दुई/दुई विकेट लिए । त्यस्तै दीपेन्द्रसिंह ऐरीले एक विकेट लिए । यो जितसँगै चार खेलमा चार अङ्क जोडेको नेपालको फाइनल सम्भावना बलियो बनेको छ । त्यसैगरी पहिलो पराजय व्यहोरेको नेदरल्यान्ड्सको तीन खेलबाट चार अङ्क छ । नेपाल पहिलो खेलमा नामिबियासँग २० रन र दोस्रो खेलमा नेदरल्यान्ड्ससँग २ रनले पराजित भएको थियो । यसैगरी तेस्रो खेलमा नेपालले नामिबियालाई ३ रनले पराजित गरेको थियो । भोलि नेदरल्यान्ड्स र नमिबियाबीच खेल हुनेछ ।

# नेपाल बंगलादेशसँग पराजित

**काठमाडौं (प्रस)–** राजधानीमा शुक्रबारदेखि सुरू भएको साफ यू-१६ महिला फुटबल प्रतियोगितामा नेपालले आफ्नो पहिलो खेलमा बंगलादेशसँग पराजित भएको छ । शनिबार च्यासल मैदानमा सम्पन्न खेलमा नेपाल बंगलादेशसँग २-० गोलले पराजित भएको हो ।

बंगलादेशकी सौरबी प्रीतिले दुई गोल गरिन् । बंगलादेशले पहिलो हाफमा नै दुई गोल गर्दै घरेलु टोलीलाई दबाबमा राख्यो । तर दोस्रो हाफमा भने दुवै तर्फबाट गोल हुन सकेन । खेलको २४औं मिनेटमा प्रीतिले गोल गर्दै अग्रता दिलाइन् । पेनाल्टी बक्समा प्राप्त बललाई उनले नेपालका दुई डिफेन्डरलाई छक्याउँदै गोल गरेका हुन् ।

त्यसको पाँच मिनेटपछि नै बंगलादेशले पेनाल्टीमार्फत अर्को गोल थप्यो । नेपालकी गोलकिपर झर्ना दुम्राकोटीलाई अल्पी अक्तरलाई लडाएपछि बंगलादेशले पेनाल्टी पायो । सो अवसर सदुपयोग गर्दै प्रीतिले बंगलादेशको अग्रता दोब्बर बनाइन् । त्यसपछि पहिलो हाफमा थप गोल हुन सकेन र घरेलु टोली २-० ले पछाडि पर्‍यो । दोस्रो हाफमा दुवै तर्फबाट प्रयास भएपनि गोल हुन सकेन र नेपालले हारबाट च्याम्पियनसिपको शुरुवात गर्‍यो । जितसँगै बंगलादेशले पहिलो खेलबाट तीन अंक जोड्यो । समान खेलबाट भारतको पनि तीन अंक नै छ ।

शुक्रबार भएको उद्घाटन खेलमा भारतले भुटानमाथि ७-० को जित निकालेको थियो । साफ यू-१६ महिला फुटबलमा नेपाल, भारत, भुटान र बंगलादेशसहित चार टिमले सहभागिता जनाएका छन् । राउन्ड रोबिन अनुसार सबैले एक अर्कासँग प्रतिस्पर्धा गरेपछि शीर्ष २ टिमले फाइनल खेल्ने छन् ।

**पुष्पलाल स्मृति ब्याडमिन्टन**

# प्रिन्सलाई लगातार चौथोपटक उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं –** सशस्त्र प्रहरीको एपिएफ क्लबका प्रिन्स दाहालले चौथो पटक पनि पुष्पलाल स्मृती राष्ट्रिय र्‍याङ्किङ्ग ब्याडमिन्टनको उपाधि उचालेका छन् ।

१३ औं पुष्पलाल स्मृती राष्ट्रिय र्‍यांकिङ ब्याडमिन्टन २०८० को शनिबार भएको फाईनलमा शिर्ष ८ तर्फको पुरुष एकलमा ललितपुरका प्रफुल महर्जन माथि २१-१८, २२-२० को सघर्षपूर्ण जित निकाल्दै प्रिन्सले चौथो पटक उपाधि उचालेका हुन् । यस विधाको तेश्रो स्थानमा एपिएफका देवराज राना र नेपाल पुलिसका सुनिल जोशी रहे ।



नेकपा एमाले निकट नेपाल खेलकुद महासंघ, नेपालको आयोजनामा भएको प्रतियोगिताको शिर्ष ८ को महिला एकल तर्फ ललितपुरकी रसिला महर्जनले जित हात पारिन् । रशिलाले भोजपुरकी नङ्शल तामाङलाई १७-२१, २१-१५, २२-२० को सघर्षपूर्ण खेलमा पराजित गरेकी हुन् । तेश्रो स्थानमा आर्मीकी अनुमाया राई र नेपाल पुलिसकी निता लम्साल रहे ।

बिजेताले नगद ५० हजार, उपबिजेताले नगद ३० हजार र तृतीय स्थान प्राप्त गर्नेले नगद १२ हजार ५ सय सहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गरे ।

पुरुष शिर्ष ८ बाहेकको उपाधि भने एपिएफका क्षितिज खनालले हात पारे । खनालले फाईनलमा नखिपोटका बिवेक चौधरीलाई २१-१६, १७-२१, २१-१५ ले पराजित गर्दै उपाधि उचालेका हुन् । तेश्रो स्थानमा आर्मीका पविन लिङ्गथेप र एपिएफका रोशन साउद रहे ।

यस्तै यसै विधाका महिला तर्फको खेलमा कास्कीकी दिलाशा रानाले जित हात पारिन् । उनले बेलटार ब्याडमिन्टन एकेडेमीकी रोजी राईलाई २१-१४, २१-१३ ले पराजित गरेकी हुन् । तेश्रो स्थानमा नेपाल पुलिसकी सुष्मा श्रेष्ठ र पोखरा स्पोर्टस् ब्याडमिन्टन सेन्टरकी आयुष्मा नेपाल रहे ।

चन्द्रागिरीस्थित महांकाल ब्याडमिन्टन क्लबको कभर्डहलमा भएको प्रतियोगिताको पुरुष युगल तर्फ एपिएफका प्रिन्स दाहाल र बिजित थापा मगर तथा ललितपुरका प्रफुल महर्जन र आर्मीका सुरोज महर्जनको जोडी बिच भएको प्रतिस्पर्धामा प्रिन्स र बिजितको जोडीले जित हात पारे । प्रिन्स र बिजितबो जोडीले २१-७, २२-२४ र २१-१२ को जित हात पारेका हुन् । तेश्रो स्थानमा पाँचथरका दिवस शंकर र भोजपुरका बिशाल तामाङ्ग तथा नेपाल पुलिस क्लबका जीवन आचार्य र बिष्णु कटुवालको जोडी रहे ।

महिला युगल तर्फ आर्मीकी अमिता गिरी र ललितपुरकी रसिला महर्जनले जित हात पार्दै उपाधि उचाले । गिरी र महर्जनको जोडीले आर्मीकी अनुमाया राई र मोरङ्गकी सिमा राजबंशीलाई २१-१९, २१-१२ ले पराजित गरेका हुन् । तेश्रो स्थानमा कास्कीका शितल के.सी. र अनु राना तथा एपिएफकी शोभा गौचन र नेपाल पुलिसकी निता लम्साल रहे । यु-१३ को ब्वाईज तर्फ महांकाल ब्याडमिन्टन क्लबका सफल भुजेलले जित हात पार्दै उपाधि कब्जा गरे । भुजेलले कैलालीका रियांस चौधरीलाई २१-१४, १८-२१, २१-१५ ले पराजित गरेका हुन् । तेश्रो स्थानमा धन्यन्तरीका सुहम कार्की र एपिएफका आरुष सिमखडा रहे ।

गर्ल्स तर्फ दीपक ब्याडमिन्टन एकेडेमीका अश्मिता खत्रीले क्लब मध्यपुरकी स्वर्लिन श्रेष्ठलाई २१-१७, २१-१६ ले पराजित गर्दै उपाधिमा नाम लेखाईन् । दीपक ब्याडमिन्टन एकेडेमीकी उपासना बोहरा र बेलटार ब्याडमिन्टन एकेडेमीकी दिया राई संयुक्त तेश्रो भए । यु - १७ एकल तर्फ आर्मीका सुप्रिम पन्तले युनिग्लोबल कलेजका सक्षम ढकाललाई २१-१८, २१-१२ ले पराजित गर्दै उपाधि उचाले । एपिएफका अरुण अधिकारी र रिभाईभ लिजर पार्कका किरण न्यौपाने संयुक्त तेश्रो भए ।

गर्ल्स तर्फ कास्कीकी दिलासा रानाले जित हात पार्दै उपाधि कब्जा गरिन् । महिला एकलमा पनि रोजीलाई पराजित गर्दै जित निकालेकी दिलासाले यस स्पर्धामा राईलाई १४-२१, २१-१६, २१-१५ ले पराजित गरेकी हुन् । दीपक ब्याडमिन्टन एकेडेमीका अश्मिता खत्री र उपासना बोहरा संयुक्त तेश्रो स्थानमा रहे ।

मास्टर्स युगल ४५ बर्ष माथिको खेलमा पिस फिटनेश सेन्टरका संजय कपाली र अनिल थामसुहाङ्गको जोडीले रिभाईभ लिजर पार्कका सुक्र तामाङ्ग र भिम बहादुर थापाको जोडीलाई २१-१८, २१-१० ले पराजित गर्दै उपाधि उचाले । तेश्रो स्थानमा ललितपुरका मधु गुरुङ्ग र प्रकाश राईको जोडी र पाँचथरका दीपक आङ्गदम्बे र कुश्माका प्रेम गुरुङ्गको जोडी रहे ।

मास्टर्स युगल ५५ बर्ष माथिको प्रतिस्पर्धामा कास्कीका राम बहादुर गुरुङ्ग र गुल्मीका खगेन्द्र रेग्मीको जोडीले बाजी मारे । उक्त जोडीले पिस फिटनेश सेन्टरका गणेश राई र कर्ण बहादुर शाहीको जोडीलाई २१-१३, २१-१३ ले पराजित गरेका हुन् । फिटनेश पार्कका पुर्ण जोशी र उमेश के.सी., तथा ललितपुरका दिल कन्दङ्गवा र एपिएफका प्रेम श्रेष्ठको जोडी तेश्रो स्थानमा रहे ।

प्रतियोगितामा बिजयी खेलाडीहरूले मेडल, ट्रफी र प्रमाण पत्रका साथ शिर्ष ८ बरियता देखि बाहेकको पुरुष एकल र महिला एकलका शिर्ष तीन स्थान प्राप्त गर्नेले नगद २० हजार, १० हजार र ५ हजार प्राप्त गरे । यस्तै पुरुष युगल तर्फ शिर्ष तीन स्थान प्राप्त गर्नेले नगद ३० हजार, १५ हजार र ५ हजार प्राप्त गरे । महिला युगल तर्फका शिर्ष तीनले नगद २० हजार, १० हजार र ५ हजार, यु-१७ र यु-१३ विधामा शिर्ष तीन स्थान प्राप्त गर्नेले नगद १५ हजार, ८ हजार र ४ हजार तथा मास्टर्स ४५ बषै र ५५ बर्ष माथिका शिर्ष तीन स्थान प्राप्त गर्नेले नगद ३० हजार, १५ हजार र ५ हजार प्राप्त गरे ।

बिजयी खेलाडीहरूलाई समापन समारोहका प्रमुख अतिथी चन्द्रगिरी नगरपालिकाका मेयर घनश्याम गिरी, उपप्रमुख बशन्ती श्रेष्ठ, नेकपा एमोलकी केन्द्रिय सदस्य सर्मिला कार्की, नेपाल ब्याडमिन्टन संघका उपाध्यक्ष लव भक्त श्रेष्ठ, पुष्पधन शाक्य, महासचिव बिरेन्द्र श्रेष्ठ, उपमहासचिव नविन बिक्रम शाह लगायतले पुरस्कार वितरण गरेका थिए ।

### प्रिन्सलाई सम्मान

राष्ट्रिय ब्याडमिन्टन सघ, नेपालले बिश्व जुनियर नम्बर एक रहिसकेका नेपालका नम्बर एक खेलाडी प्रिन्स दाहाललाई रोयल ईनफिल्ड हन्टर ३५० ले सम्मान गरको छ । संघको पूर्व घोषित कार्यक्रम अनुरूप प्रिन्सलाई उक्त बाईकले सम्मान गरको हो । संघले पुष्पलाल स्मृती राष्ट्रिय र्‍याङ्किङ्ग प्रतियोगिताको लगातार तीन संस्करणमा बिजय हासिल गर्ने खेलाडीलाई मोटरसाईकल प्रदान गर्ने घोषणा गरेको थियो । यस सम्मानबाट हाल सम्म रत्नजित तामाङ्ग र नङ्शल तामाङ्ग सम्मानित भईसकेका छन् ।



**चिनियाँ पर्यटक** | थाइल्याण्डको समुत प्राकानमा रहेको प्राचीन सियाममा सामूहिक तस्बिर खिच्दै चिनियाँ पर्यटक । गत जनवरीको अन्त्यमा चीन र थाइल्याण्डबीच हस्ताक्षर भएको आपसी भिसा छुटसम्बन्धी सम्झौता मार्च १ देखि कार्यान्वयनमा आएको छ । *तस्बिरः सिन्हवा*

# 'गाजामा इजरायली कारबाहीमा नौ हजार महिलाको मृत्यु'

**संयुक्त राष्ट्रसंघ-** सन् २०२३ अक्टोबर ७ मा इजरायलविरूद्ध प्यालेस्टिनी इस्लामिक लडाकु समूह (हमास)ले गरेको आक्रमणको बदलामा गाजामा इजरायली सेनाद्वारा चलाएको हवाई तथा जमिनी कारबाहीमा करिब नौ हजार महिलाको मृत्यु भएको संयुक्त राष्ट्रसंघीय महिला कार्यक्रम (युएन वुमन)ले शनिबार जनाएको छ ।

धेरै महिलाहरू भग्नावशेषमुनि परेको रिपोर्ट गरिएकाले यो आँकडा सम्भवतः कम भएको उक्त निकायले जनाएको छ । गाजामा युद्धका कारण दैनिक औसत ६३ महिलाको मृत्यु हुने गरेको छ । युद्धले गर्दा प्यालेस्टिनी महिलाहरूले परिवारका अन्य सदस्य गुमाउनुपरेको र बाँचेका बालबच्चासमेतलाई असुरक्षाको अवस्था सिर्जना भएको युएन वुमनले जनाएको छ ।

हरेक पाँचमध्ये चारभन्दा बढी वा ८४ प्रतिशत महिलाले उनीहरूको परिवारले द्वन्द्व सुरू हुनुअघि प्रयोग गरेको आधा वा कम खाना खाने गरेको रिपोर्ट राष्ट्रसंघीय निकायले गरेको छ ।



गाजामा पाँचमध्ये चार अर्थात् ८४ प्रतिशत महिलाले गरेको रिपोर्टअनुसार उनीहरूका परिवारका सदस्यले गत हप्तादेखि खाना छोड्नु परेको छ । तीमध्ये ९५ प्रतिशत आमाहरू खानाविना नै बस्ने तथा आफ्ना बच्चालाई खुवाउनका लागि आफूहरूले खानामा सम्झौता गर्ने गरेको युएन वुमनले जनाएको छ ।

गाजाको २.३ मिलियन जनसंख्याले केही हप्ताभित्र खाद्य असुरक्षाको गम्भीर स्तरको सामना गर्नुपर्ने छ । गाजा सर्वेक्षणमा १२ मध्ये १० महिला संगठनले आवश्यक आपत्कालीन प्रतिक्रिया सेवाहरू प्रदान गर्दै आंशिक रूपमा खाद्यान्न सहयोग वितरण गरेको रिपोर्ट गरेका छन् ।

तत्काल मानवीय युद्धविराम नभएसम्म आगामी दिनमा अझ धेरैको मृत्यु हुने उल्लेख गर्दै उक्त राष्ट्रसंघीय निकायले गाजामा आवश्यक पूर्वाधारको विनास र बम विष्फोट रोक्न र तत्काल गाजामा मानवीय सहायता पुऱ्याउन आग्रह गरेको छ । *रासस/सिन्हवा*

# गाजामा हवाईमार्गबाट राहत सामग्री पुऱ्याउने बाइडेनको घोषणा

**वासिङ्टन-** सहयोग बाँड्न गाजामा पुगेका ट्रकहरूको एउटा समूहको वरपर भेला भएका करिब १०० भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको एक दिनपछि गाजामा हवाईमार्गबाट राहत सामग्री पुऱ्याउन सुरू गरिने अमेरिकी राष्ट्रपति जो बाइडेनले बताएका छन् ।

ह्वाइट हाउसमा इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीसँगको भेटको क्रममा बाइडेनले गाजा युद्धबारे विशेष महत्त्व दिँदै भने, 'हामीले अझै धेरै राहत सामग्री पुऱ्याउने काम गर्न आवश्यक छ र संयुक्त राज्य अमेरिकाले यसमा अग्रसरता लिने छ । आगामी दिनमा हामी जोर्डनमा रहेका हाम्रा साथीहरू र अन्य सहयोगीसँग मिलेर हवाई मार्गबाट थप खाद्यान्न र आपूर्तिको व्यवस्थापन गर्नेछौं ।'

गत अक्टोबर ७ मा हमासले इजरायलमाथि गरेको आक्रमणपछि गाजामा मानवीय संकट उत्पन्न भएको र इजरायल र हमासबीच युद्धविरामका लागि वार्ता जारी रहेका बेला यो घोषणा गरिएको हो । बाइडेनले इजरायललाई नागरिक हताहत कम गर्न र सहायताको अनुमति दिन दबाब दिएका छन् । उनले प्रमुख अमेरिकी सहयोगीको लागि सैन्य सहायता कायम राखेका छन् ।

बाइडेनले मुस्लिम धर्मावलम्बीको पवित्र महिना रमजानमा छ हप्ताका लागि युद्धविराम गर्ने सहमति हुने आशा व्यक्त गरेका छन् । संयुक्त राष्ट्रसंघले अनिकालको चेतावनी दिएको उत्तरी गाजामा सहायता लिएर गएका गाडीको वरपर पुगेका दर्जनौं निराश प्यालेस्टिनीको मृत्यु भएको बिहीबारको घटनापछि युद्धविराम वार्ता जटिल बनेको छ ।

एक इजरायली स्रोतले भीडमाथि सेनाले गोली चलाएको स्वीकारेको छ र यसले 'खतरा उत्पन्न गरेको' बताएको छ । निर्दोष मानिसहरू भयानक युद्धमा फसेका आफ्नो परिवारको पेट पाल्न नसकिरहेका र सहायताका लागि भेला भएका प्यालेस्टिनीको ज्यानसम्म जाने स्थिति दुःखद भएको बाइडेनले बताए । अमेरिकी राष्ट्रपति बाइडेनले इजरायललाई थप सहायता ट्रकहरू भित्र्याउन 'जोड' दिने र गाजामा ठूलो मात्रामा सहायता पुऱ्याउन सम्भावित 'समुद्री करिडोर' को बारेमा पनि विचार गर्ने बताएका छन् ।

बाइडेनले केही समयदेखि हवाई मार्गबाट सहायता पुऱ्याउनेबारे योजना बनाइरहेको तर बिहीबारको घटनाले राष्ट्रपतिलाई सहायता प्राप्त गर्ने अन्य उपायको खोजी गर्नुपर्ने आवश्यकताबारे थप चिन्तित बनाएको ह्वाइट हाउसको राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले बताएका छन् ।

किर्बीले भने, 'संयुक्त राज्य अमेरिकाले धेरै एयर ड्रपहरू गर्ने योजना बनाएको छ जुन हप्तौंसम्म चल्ने छ ।' तर यो एक 'कठिन सैन्य अभियान' पनि हो जसमा गाजाका नागरिक र अमेरिकी सैन्य अधिकारीको सुरक्षाका लागि पेन्टागनले सावधानीपूर्वक योजना बनाउनु आवश्यक छ । किर्बीले भने, 'गाजाजस्तो भीडभाड हुने वातावरणमा एयरड्रप गर्न निकै गाह्रो छ ।'

संयुक्त राज्य अमेरिकाले पनि आफ्ना कर्मचारीहरूको लागि जोखिम व्यवस्थापन गर्नुपऱ्यो । उनले भने, 'यो युद्धक्षेत्र हो । अमेरिकाले पनि आफ्ना कर्मचारीहरूको लागि जोखिम व्यवस्थापन गर्नुपऱ्यो । त्यसैले विमानमा पाइलटका लागि थप सम्भावित खतराको व्यवस्थापन गर्नु जरूरी छ ।'

इजरायलले पनि सहायता बोकेर गाजा पुगेका गाडी र सहयोग प्राप्त गर्नका लागि भेला भएका प्यालेस्टिनीको मृत्युबारे गम्भीरतापूर्वक अनुसन्धान गरिरहेको किर्बीले बताएका छन् । किर्बीले गाजामा बढ्दो मानवीय विपत्तिका बावजुद वासिङ्टनले इजरायललाई दिँदै आएको सैन्य सहयोग नरोक्ने बताए । उनले भने, 'हामी अझै पनि इजरायललाई यसको सुरक्षाका लागि सहयोग गरिरहेका छौं ।' *रासस/एएफपी*

# अफगानिस्तानमा भारी हिमपात, १५ जनाको मृत्यु

**काबुल-** अफगानिस्तानका विभिन्न प्रान्तमा विगत तीन दिनयता परेको भारी हिमपातका कारण १५ जनाको मृत्यु हुनुका साथै करिब ३० जना घाइते भएका छन् ।

बाल्ख र फार्याब प्रान्तबाट प्राप्त तथ्यांकलाई उद्धृत गर्दै टोलोन्युजले भारी हिम बर्षाका कारण पशुधनमा व्यापक प्रभाव परेको उल्लेख गरेको छ । हालैको हिमपातका कारण लगभग १० हजार जनावर मरेका स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

सर-ए-पुलका स्थानीय अब्दुल कादिरले भने, 'व्यापक हिउँ परिरहेको छ । धेरै सडकहरू अवरुद्ध भएका छन् । कुनै पनि आवागमन छैन । आफ्ना पशुधनको क्षति भएकोले स्थानीयहरू निकै चिन्तित बनेका छन् ।'

अर्का बासिन्दा अमानुल्लाहले विशेषगरी सडक अवरुद्ध भएका र भोकभोकै रहेका पशुचौपायाको दुर्दशाबाट प्रभावित भएकाहरूका लागि तत्काल सरकारी सहयोगका लागि याचना गरे ।



अफगानिस्तानले प्राकृतिक विपत्तिका कारण विशेषगरी पशुधन मालिकहरूलाई भएको क्षतिलाई सम्बोधन गर्न विभिन्न मन्त्रालयहरू सम्मिलित एक समिति गठन गर्ने घोषणा गरेको छ । अधिकारीहरूले बाल्ख, जाज्जान, बडगिस, फरयाब र हेरात प्रान्तका पशुधनीहरूलाई राहत सहयोगका लागि पाँच करोड रकम बिनियोजन गरेको छ ।

कृषि, सिँचाइ तथा पशुपन्छी मन्त्रालयका लागि तालिबान प्रशासनका प्रवक्ता मिसबाहुद्दीन मुस्तैनले सबै प्रान्तमा गठन भएका समितिहरूले उद्धारका द्रुत प्रतिक्रियाबारे छलफल गरिरहेको बताए । अवरुद्ध सडक खुलाउन, प्रभावित समुदायलाई खाद्यान्न वितरण गर्न र बाक्लो हिमपातका कारण अलपत्र परेकालाई उद्धार गर्न यी समितिहरू सक्रिय रूपमा लागिपरेका छन् ।

अफगान रेड क्रिसेन्ट सोसाइटीका प्रवक्ता एर्फानुल्लाह शराफजोईका अनुसार बडघिस, घोर, फराह, कान्दाहार, हेलमन्ड, जाज्जन र नुरिस्तानजस्ता प्रान्तहरूमा हालैको हिमपातबाट प्रभावित व्यक्तिहरूसम्म पुग्न विभिन्न समूह बनाई उद्धारकर्मी खटाइसकिएको बताए । भारी हिमपातका कारण सलाङ पासलगायत प्रमुख यातायात मार्गहरू बन्द भएका छन् र घोर, बडघिस, गजनी, हेरात र बामियानजस्ता विभिन्न प्रान्तहरूमा सडकको पहुँच बन्द भएको छ ।

सार्वजनिक निर्माण मन्त्रालयका प्रवक्ता मोहम्मद अशरफ हकशेनासले विगत दुई दिनदेखि परेको भारी हिमपातका कारण यी मार्गहरू अस्थायी रूपमा अवरुद्ध भएको पुष्टि गरे । फर्याब प्रान्तका गभर्नरका प्रवक्ता इस्मतुल्लाह मुरादीले प्रान्तमा भारी हिमपातका कारण अधिकांश जिल्लामा सडक बन्द भएको र दुर्गम क्षेत्रका बासिन्दा अलपत्र परेको जानकारी दिए । *रासस/एएनआई*


**UAE मा रोजगार** **SARSAN CONTRACTING LLC, UAE**

पुर्व स्विकृति मितिः 2080.11.18 चलानी नं. ६०२१५८२६ LT No.300970

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer | 11 | काममा दक्ष | 1200 | 43188 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Stone Mason | 13 | | 1200 | 43188 | | | | | | | |
| 3 | Painter | 12 | | 1200 | 43188 | | | | | | | |
| 4 | Tile Layer | 2 | | 1200 | 43188 | | | | | | | |
| 5 | Accountant | 1 | | 3000 | 107971 | | | | | | | |
| 6 | Civil Engineer | 1 | | 5000 | 179951 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० फागुन २७ गते (10 March 2024) हुनेछ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला ।

**लागत खर्चः निःशुल्क**

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



**खाँडादेवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**माकादुम, रामेछाप**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र आह्वान सम्बन्धी सूचना !!!**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८०/११/२०**

यस खाँडादेवी गाउँपालिकाको आ.व. २०८०/८१ मा स्वीकृत कार्यक्रम बमोजिम तपशिल बमोजिमको कार्य बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण ब्यबसायीहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको विवरण | लागत अनुमान अंक रु. (पि.एस., मु.अ.क. र कन्टिन्जेन्सी सहित) | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र जमानत बापतको रकम | बोलपत्रको मान्य अबधि (बोलपत्र खोलेको मिति बाट) | बोलपत्र जमानतको मान्य अबधि (बोलपत्र खोलेको मिति बाट) |
|---|---|---|---|---|---|---|---|
| १. | KRM/NCB/WORKS/BLD01/2080/81 | Construction of Community Centre Building in Khandadevi-05, Goganpani | १,२८,०३,२७४.१४/- | ३,०००.००/- | ३,२५,०००.००/- | ९० दिन | १२० दिन |

१. यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी www.bolpatra.gov.np बाट खरिद गर्न सकिनेछ ।
२. बोलपत्रसँग सम्बन्धित अन्य सम्पूर्ण जानकारीको लागि www.bolpatra.gov.np मा हेर्न सकिनेछ ।
३. बोलपत्र सम्बन्धित अन्य कुरा बुझ्नु परेमा सम्पर्क नं. ९८६००७५५२५, ९८५४०४३७४०, ९८५२८४९४४९ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – ११९००० | प्रति तोला – ११८४५० | प्रति तोला – १३९० |



**उखु काट्दै गरेका बेलौरीका किसान** | बेलौरी नगरपालिको बजार छेउका किसान उखु काट्दै । नगरपालिका क्षेत्रमा उखु खेती गर्ने किसानको सङ्ख्या अधिक छ । *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

## कोराला नाका पूर्णरूपमा सञ्चालन गर्न आग्रह

■ प्रभाव संवाददाता

**बागलुङ–** नेपाल-चीन जोड्ने मुस्ताङको कोराला नाका पूर्णरूपमा सञ्चालनमा ल्याउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष माग गरिएको छ ।

अन्तरदेशीय व्यापार र पर्यटन प्रवर्द्धनका लागि सो उत्तरी नाका नियमित सञ्चालनका लागि पहल थाल्न सरकारको ध्यानाकर्षण गराइएको हो । शनिबार बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा आयोजित 'अनन्तश्री ब्रह्माण्डीय महायज्ञ'मा सहभागी प्रधानमन्त्री दाहालसमक्ष नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले मुलुकको विकास र समृद्धिका लागि कोराला नाका नियमित सञ्चालनमा ल्याउनुपर्ने बताए ।

उनले केही समयअघि भएको चीन भ्रमणका क्रममा कोरोलालगायत नेपालसँगका उत्तरी नाका सञ्चालनमा प्रधानमन्त्रीले लिनुभएको पहलप्रति आभार व्यक्त गर्दै कोराला नाका छिट्टै पूर्णरूपमा सञ्चालनमा आउनेमा विश्वास व्यक्त गरे । 'कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग आयोजनालाई समयमै सम्पन्न गर्न सकिएमा कोराला नाकालाई सक्रिय र सहजरूपमा सञ्चालनमा ल्याउन सकिन्छ, यसतर्फ प्रधानमन्त्री र सरकारको विशेष ध्यान जानेछ भन्ने हाम्रो विश्वास छ', अध्यक्ष ढकालले भने । पञ्चकोटबाट मुक्तिनाथ हुँदै कोरोला नाका जोड्ने सडक निर्माणलाई उच्च प्राथिमकता राख्न उनले प्रधानमन्त्रीसमक्ष आग्रह गरे । विश्वका सनातन अनुयायीहरूको आस्थाको केन्द्र मुक्तिनाथ रहेको भन्दै अध्यक्ष ढकालले त्यस क्षेत्रलाई सांस्कृतिक, प्राकृतिक एवं धार्मिक सम्पदास्थलका रूपमा विकास गर्नुपर्ने अध्यक्ष ढकालले बताए ।



पञ्चकोटमा निर्माण थालनी भएको विश्वशान्ति कलशको पूर्णताका लागि सरकारको सहयोगको अपेक्षा लिइएको उनको भनाइ छ । सर्वसिद्धिधाम पञ्चकोटका सङ्कल्पकर्ता स्वामी कमलनयनाचार्यले चीन जोड्ने कोरोला नाका सञ्चालन हुनसकेमा मुलुकको समृद्धिमा ठूलो टेवा पुग्ने उल्लेख गरे ।'मुक्तिनाथ क्षेत्र हुँदै मानसरोकारको यात्रा गर्न सकिने अवस्था सिर्जना गर्न सकियो भने धार्मिक पर्यटनका माध्यमबाट देशले ठूलो लाभ लिन सक्छ, यसतर्फ प्रधानमन्त्रीज्यूमार्फत सरकारको ध्यान जाओस्', उनले भने ।

कोरोला नाका जोड्ने सडक सुविधासम्पन्न हुनसकेमा समग्र मुक्तिक्षेत्रको विकासले गति लिने स्वामी कमलनयनाचार्यले बताए । उनले जनस्तर र सरकारी क्षेत्रको साथ र सहयोगबाट पञ्चकोटले नयाँ स्वरूप पाएको बताए । उनले व्यवस्थित सडक, खानेपानी र पार्किङस्थलको व्यवस्थापनमा सरकारका निकायको सहयोग आवश्यक रहेको धारणा राखे । प्रधानमन्त्री दाहालले बागलुङ, म्याग्दी हुँदै मुस्ताङको कोराला नाका जोड्ने सडकको स्तरोन्नतिका लागि सरकारको आगामी नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकता दिने प्रतिबद्धता जनाए । 'प्रधानमन्त्रीका हैसियतले कोरोला नाकालाई नियमित सञ्चालन गर्ने र त्यहाँको सडक निर्माणमा मेरो ध्यान गएको छ, आगामी सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटमा पनि यो विषय प्राथमिकताका साथ समेटिन्छ', उनले भने । प्रधानमन्त्री दाहालले मुलुकको आर्थिक समृद्धिका लागि धार्मिक पर्यटन महत्वपूर्ण आधार भएको बताए । उनले कोरोला नाका सञ्चालनमा आउँदा आर्थिक गतिविधिसँगै पर्यटन आवागमनमा पनि उल्लेख्य वृद्धि हुने विश्वास व्यक्त गरे ।

## 'नेपालमा विकासले गति लिन सुरू'

■ प्रभाव संवाददाता

**नुवाकोट–** अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपालमा विकासको अभियानले गति लिन सुरू गरेको बताएका छन् । नुवाकोटको बेलकोटगढी नगरपालिका-१ मा रहेको बेलकोट भन्ज्याङ माविको स्वर्ण जयन्तीलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. महतले देशमा विकासका गतिविधि चलायमान हुँदै मुलुक समृद्धितर्फ अघि बढ्न सुरू भएको बताएका हुन् ।

उनले भने, 'सबैको पालो आउँछ, अब आर्थिक वृद्धि गर्ने पालो हाम्रो आएको छ । यसका लागि देशप्रति गौरव गर्नुपर्छ र हामी गर्छौं, हामी गर्न सक्छौं भन्ने आत्मविश्वास जगाउनुपर्छ । नेपालमै हुन्छ, यही केही गर्न सकिन्छ भन्ने आत्मविश्वास बढाऔं ।' विगतका वर्षमा देशको राजनीतिक अस्थिरता, द्वन्द्व विनाशकारी भूकम्प, कोरोना रोगको सङ्क्रमण लगायतका कारणले पछि परेको अर्थतन्त्रलाई लयमा फर्काउँदै विकासको प्रवाह सुरू गरेको उनको भनाई थियो ।

'अब अर्थतन्त्र ठिक बाटोमा जान्छ, राजश्व करिब १० प्रतिशतले वृद्धि भएको छ । पर्यटकले देश भरिभराउ छ, आउने दिनमा पर्यटकको आगमन अझ बढ्ने छ' मन्त्री डा. महतले भने, 'आत्मविश्वास जगाऔं, विचार पुऱ्याएर लगानी गरियो भने उत्पादन र रोजगारी बढ्छ । उत्पादन र रोजगारी बढेपछि राजश्व बढ्छ । राजश्व बढेपछि राज्यले बजेट दिने क्षमता बढ्छ । बजेटको क्षमता बढ्यो भने विकास निर्माणमा खर्च गर्न क्षमता बढ्छ ।' देशको अर्थतन्त्र सुधारको लयमा फर्कंदै आएकाले आगामी दिनमा सरकारको प्राथमिकता गुणस्तरीय शिक्षा र रोजगारको सिर्जना गराउन केन्द्रित रहेको अर्थमन्त्री डा. महतले जानकारी दिए । उनले भने, 'सम्पत्ति त क्षति हुनसक्छ, तर पढेको कुरा कसैले खोस्न सक्दैन । सिप छ, पढाई लेखाइ छ भने जहाँ गएर पनि आम्दानी गर्न सकिन्छ । रोजगारी प्राप्त गर्न सकिन्छ । त्यसकारण पढाइलाई प्राथमिकता राख्न म अभिभावकहरूसँग अनुरोध गर्छु ।'


## इटहरी उप–महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
प्रदेश नं.१, नेपाल

### इटहरी उप–महानगरपालिकाको जनहितमा जारी सन्देश

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं ।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जतातते फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।



## पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

**सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।**

त्यसैले :

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट च्ष्नजत या ध्वथ को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौं ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित
- पूर्वाधार सेवा प्राप्ति नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ